का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १७, अंक ३०२
❒ ७ माघ २०७६, मंगलबार
❒ 21 January 2020, Tuesday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# नैतिकता खोज्दै नेकपा

## एघार बुँदे आचार संहिता जारी

❒ कुनै पनि प्रकारको विभेद गरे पार्टीबाट निष्कासन: नेकपा

❒ पितृसत्तात्मक सोंचको परीक्षण भयो: तुम्बाहाङ्फे

**कृष्णबहादुर महराले गरेको गल्तीको सजाय शिवमाया तुम्बाहाङ्फेलाई दिन नहुने तीव्र बिरोधका बीच अग्नी सापकोटालाई सभामुखको उम्मेद्वार बनाउने निर्णय गरेको नेकपाले एघार बुँदे आचार संहिता जारी गर्दै कुनै प्रकारको विभेद गर्नेलाई पार्टी सदस्यताबाट निष्कासन गर्ने प्रावधान गरेको छ ।**





**बिरेन्द्र साह/मध्यान्ह**
काठमाडौं, ६ माघ

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले सोमबार ११ बुँदे आचार संहिता जारी गरेको छ । संहितामा कुनै पनि प्रकारको विभेद नगर्न र विभेद गरे पार्टी सदस्यताबाट निकालिने प्राबधान समेत उल्लेख गरिएको छ । नेकपाका अध्यक्ष द्वय प्रधानमन्त्री केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'ले हस्ताक्षर गरेको उक्त आचार संहिता सोमबार सार्वजनिक भइहरँदा नेकपाकै नेतृ एवं निवर्तमान उपसभामुख डा.शिबमाया तुम्बाहाङफेले पितृसंस्था बलियो रहेको प्रतिक्रिया दिएकी छन् । उनले राजसंस्थाभन्दा पितृसंस्था बलियो रहेको दाबी गरिन् ।

सोमबार संसद भवन नयाँ बानेश्वरमा पत्रकार सम्मेलन गर्दै तुम्बाहाङ्फेले आफू सभामुख नभए पनि संस्थालाई संविधानअनुसार सफल बनाएर छाडेको दाबी गरिन् । 'मैले बाजी मारें म सभामुख हुन्छुर हुन्न दोस्रो पाटो थियो । तर मैले यो संस्थालाई सफल बनाएँ,' उनले पत्रकार सम्मेलनमा भनिन्, 'देशमा पितृसंस्था यस्तो रहेछ । परिवर्तन गर्न अझै धेरै मेहनत गर्न पर्ने रहेछ । हामी सबै मिलेर राजसंस्था त फालियो । राजसंस्थाभन्दा पितृसंस्था ठूलो रहेछ ।'

उनले आफ्नो ब्याकअपमा कोही व्यक्ति र संस्था नभएको पनि उल्लेख गरेकी छन् । 'ब्याकअपमा को छ भन्ने प्रश्न उठेको थियो । कुनै व्यक्ति र संस्था होइन संविधान थियो । संविधानले निर्देशन नगरेको भए यो अवस्था हुने थिएन । संस्थाले दिएर के हुन्थ्यो ? व्यक्ति र संस्थाभन्दा ठूलो संविधान हो,' उनले भनिन् । 'आजदेखि काम गर्ने ट्र्याक परिवर्तन गर्दैछु,' उनले भनिन् । तर त्यो बाटो के हो भन्नेबारे उनले पत्रकारहरूलाई आफैं खोज्न आग्रह गरिन् । उनले आफूले बोलेको कुरा पुर्याएर राजीनामा दिएको बताइन् । 'मैले जे बोलें त्यो पुर्याएँ । नेताले भनेको आधारमा होइन,' उनले भनिन्, 'कहिले राजीनामा दिनुहुन्छ भन्ने प्रश्न थियो । सत्तापक्षले उम्मेदवार तय गरेर सन्देश आएपछि

बाँकी पृष्ठ २ मा

### आचारसंहिताको पूर्ण पाठ

१) प्रत्येक पार्टी सदस्यले श्रमप्रति आस्था र श्रमजीवीप्रति सम्मान प्रकट गर्नुपर्छ । उनीहरू जुनसुकै प्रकारको श्रमीक बन्न तयार हुनुपर्छ । आफूले गरेको श्रमबाट आर्जित कमाइबाट राज्यलाई कर तिर्नु र जीवन निर्वाह गर्नुपर्छ । पार्टीलाई आफ्नो कमाइबाट नियमित रूपमा सदस्यता शुल्क र लेबी बुझाउनुपर्छ ।

२) सबै तहका नेता, कार्यकर्ता र सदस्यले आफ्नो परिवारमा श्रमप्रति आस्था र श्रमजीवीप्रति सम्मान प्रकट गर्ने भावना विकास गर्नुपर्छ । बेलाबेलामा परिवारका सदस्यहरू सबै जुटेर पारिवारिक बैठक बसी हार्दिक पूर्ण वातावरणमा सबले सबैलाई सल्लाह, सुझाव दिने र आलोचना गर्ने स्थिति निर्माण गर्नुपर्छ । १६ वर्ष पुगेका परिवारका सबै सदस्यहरूका बीच दिनभरि गर्नुपर्ने घरका कामहरू सम्पन्न गर्न कार्यविभाजन गर्नुपर्छ । कार्यविभाजन गर्दा सबभन्दा अफ्ठेरो काम आफूले लिनुपर्छ । परिवारका सदस्यहरू सबैसँगै बसेर खाना खानुपर्छ । बालबालिका, अशक्त र ज्येष्ठ नागरिकलाई काम लगाउनुहुँदैन र उनीहरूसित प्रेम, सहयोग र सद्भावपूर्ण व्यवहार गर्नुपर्छ । परिवारमा गाली-गलौज, झगडा, भेदभाव र छुवाछूत पूर्ण रूपले अन्त्य गर्नुपर्छ । चाडपर्व र अन्य कामका लागि खर्च गर्दा मितव्ययी हुनुपर्छ । घरभित्र र बाहिर पनि महिलाप्रति सम्मान प्रकट गर्नुपर्छ । परिवारका सदस्य र अरूसँग बोलिने भाषा मर्यादित, सरल र मिठासपूर्ण बनाउनुपर्छ । कसैलाई पनि हेलाहोचो,

बाँकी पृष्ठ २ मा

# कांग्रेसको समानान्तर कार्यालय !

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ माघ



नेपाली कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेल गुटले काठमाडौंमा व्यगलै पार्टी कार्यालय खोलेको छ । पार्टीको चौधौं महाधिवेशनलाई लक्षित गरी सोमबारदेखि पौडेल गुटले सम्पर्क कार्यालय खोलेको हो । अनानमनगरस्थित व्यवसायी एवं कांग्रेस कार्यकर्ताको घरमा सम्पर्क कार्यालय स्थापना गरिएको पौडेल समूहका नेताले जनाएका छन् ।

पौडेल पक्षले 'सामाजिक लोकतन्त्र अध्ययन केन्द्र' को नामबाट आफ्नो सम्पक कार्यालय चलाउने भएको छ । यसअघि पार्टी सभापति शेरबहादुर देउवाले पनि यहीँ सम्पर्क कार्यालय बनाएका थिए । पौडेलले सोमबारदेखि नै सम्पर्क कार्यालयबाट भेटघाट सुरु गरेका छन् ।

यसैबीच, पार्टीभित्रको विवादका विषयमा नेताहरुबीच सोमबार केन्द्रीय कार्यालयमा छलफल समेत भएको छ । उपसभापति विमलेन्द्र निधिले पूर्वमहामन्त्रीद्धय कृष्ण सिटौला र प्रकाशमान सिंहसँग छलफल गरेका थिए । पार्टी कार्यालय सानेपामा भएको छलफल महाधिवेशनलाई कसरी निश्पक्ष बनाउने भन्नेमा केन्द्रित भए पनि कुनै सहमति नभएको बैठकमा सहभागी नेता सिटौलाले जानकारी दिए । अब शीर्ष तहमा सहमति खोजिने भन्दै उनले भने, 'अब सभापतिले रामचन्द्र पौडेलजीसँग सल्लाह गरेर बोलाउनु हुन्छ होला ।' पौडेल स्वास्थ्य उपचारका लागि भन्दै हालै भारत भ्रमणमा गएका थिए । त्यसक्रममा उनले भारतीय जनता पार्टीका नेता एवं रक्षामन्त्री राजनाथ सिंहसँग पनि भेट गरेका थिए ।

बरिष्ठ नेता पौडेल भारतमा हुँदा पनि निधि, सिटौला र सिंहबीच कुराकानी भएको थियो । पार्टी सभापति देउवाले २०७७ फागुन ७ लाई कायम राखेर महाधिवेशनको अन्य कार्यतालिका हेरफेर गर्न तयार रहेको बताएका छन् । पौडेल र सिटौला समूहको

बाँकी पृष्ठ २ मा

# मनोनयन आज, १२ माघमा निर्वाचन

## काँग्रेसबाट पुष्पा भुसालले उम्मेद्वारी दिने



**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ माघ

प्रतिनिधिसभाको सभामुखका लागि आज उम्मेदवारी दर्ता हुने भएको छ । सभामुख चयनका लागि माघ १२ गते निर्वाचन हुने भएको छ । निर्वाचनका लागि प्रमुख निर्वाचन अधिकृत तोकिएका संसद सचिवालयका महासचिव मनोहरप्रसाद भट्टराईले कार्यतालिका सार्वजनिक गरेका छन् । कार्यतालिका अनुसार मंगलवार बिहान ११ बजेदेखि २ बजेसम्म उम्मेदवारलाई प्रस्ताव गरेको सूचना गर्नुपर्ने छ । त्यसपछि अपराह्न साढे २ बजे उम्मेदवारको प्रस्तावित सूची प्रकाशन गरिनेछ । माघ १२ गते अपराह्न ३ बजे बस्ने प्रतिनिधिसभा बैठकमा प्रस्तावकले सम्बन्धित उम्मेदवारलाई सभामुख पदमा निर्वाचन गरियोस् भनेर प्रस्ताव गर्नेछन् भने समर्थकले त्यसको समर्थन गर्नेछन् । उम्मेदवारको सूचीमाथि सामूहिक छलफल गरेपछि दर्ता क्रम अनुसार उम्मेदवारीका प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरिनेछ ।

पहिलो प्रस्तावले बहुमत प्राप्त गरेमा अर्को उम्मेदवारी प्रस्तुत नहुने कार्यतालिकामा उल्लेख छ । यदि एकमात्र प्रस्ताव परेमा निर्विरोध निर्वाचित भएको घोषणा गरिनेछ । जेष्ठ सदस्य महन्थ ठाकुरले प्रतिनिधिसभा नियमावलीबमोजिम सभामुख निर्वाचनसम्बन्धी सूचना सोमबारै प्रकाशित गर्न संसद् सचिवालयका महासचिव मनोहरप्रसाद भट्टराईलाई निर्देशनसमेत दिएका थिए । त्यसअघि ठाकुरले उपसभामुख शिवमाया तुम्बाहाङ्फेले उपसभामुख पदबाट दिएको राजीनामा पढेर सुनाएका थिए । सत्तारूढ दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले अग्नि सापकोटालाई सभामुखको उम्मेदवार बनाएको छ ।

तर, उपसभामुखको विषयमा टुँगो लागेको छैन । उपसभामुख फरक दल र लिंगको हुनु पर्ने संवैधानिक व्यवस्था रहेकोले नेपाली कांग्रेस, राजपा र समाजवादी पार्टी उपसभामुखका दाबेदार हुन् ।

**कांग्रेसको दाबी**

नेपाली कांग्रेसले सभामुख वा उपसभामुख मध्ये कुनै एक पदमा आफ्नो दावी गरेको छ । सभामुखको निर्वाचन कार्यतालिका सार्वजनिक भइसकेको अवस्थामा कांग्रेसले संवैधानिक प्रावधान अनुसार कुनै एक पदमा आफ्नो दाबेदारी हुने प्रष्ट पारेको हो । नेपाली

बाँकी पृष्ठ २ मा

# मागपत्रका लागि डिजिटल हस्ताक्षर अनिवार्य

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ माघ

वैदेशिक रोजगारीमा जाने कामदारहरुलाई दिइने श्रम स्वीकृतिलाई सूचना व्यवस्थापन प्रणाली (एफइआइएमएस) मा खाडीस्थित नेपाली दूतावासहरुले सहज सेवा नदिएपछि वैदेशिक रोजगार व्यवसायीहरु डिजिटल हस्ताक्षरको डिभाईस खरीद गरी प्रयोग गर्न बाध्य भएका छन् । वैदेशिक रोजगार विभागले अंग्रेजी नयाँ वर्ष २०२० को पहिलो दिन गत जनवरी १ तारिखबाट सूचना व्यवस्थापन प्रणाली मार्फत श्रम स्वीकृति दिन शुरु गरिएको घोषणा गरेको हो ।

तर, खाडीस्थित नेपाली दूतावासहरुले दक्ष जनशक्तिको अभाव देखाउँदै प्रणाली प्रयोगमा अनिच्छा देखाएपछि व्यवसायीहरुले दूतावासबाट प्राप्त डिमाण्ड सम्बन्धी कागजपत्र आफैले डिजिटल हस्ताक्षर मार्फत प्रमाणीकरण गरी विभागको सूचना व्यवस्थापन प्रणालीमा अपलोड गर्न थालेका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव सुजित श्रेष्ठका अनुसार सोमबारसम्म डिजिटल हस्ताक्षर गरी विभागको सूचना व्यवस्थापन प्रणालीमा डिमाण्ड अपलोड गर्ने व्यवसायीहरुको संख्या ४७ रहेको छ । डिजिटल हस्ताक्षरको डिभाईसका लागि प्रत्येक व्यवसायीले शुरुमा ५ हजार एक सय रुपैयाँ लगानी गर्नु पर्छ । त्यस वापत डिजिटल सर्टिफिकेट र डिभाईस पाइन्छ । प्रयोगकर्ताले प्रत्येक वर्ष ५ हजार तिरेर सर्टिफिकेट र डिभाईस नवीकरण गर्नुपर्छ ।

डिभाईस एटीएमको कार्ड र पीन जस्तै छ । त्यसको म्यानपावर कम्पनीका सञ्चालक आफैले वा अख्तियारी दिएर कर्मचारीहरु मार्फत प्रयोग गर्न सक्नेछन् । विभागद्वारा कार्यान्वयनमा ल्याइएको सूचना व्यवस्थापन प्रणालीले डिजिटल हस्ताक्षर

बाँकी पृष्ठ २ मा



**वैदेशिक रोजगार विशेष**

### डिजिटल हस्ताक्षरको कार्यविधि

**काठमाडौं/मस–** म्यानपावर कम्पनीले विदेशी नियोगबाट मागपत्र अर्थात् डिमाण्डको हार्डकपी प्राप्त भएपछि शुरुमा त्यसलाई पिडिएफ भर्सनमा परिवर्तन गर्नुपर्छ । त्यसपछि डिजिटल सिग्नेचरका लागि डिभाईसको प्रयोग गरी विभागको सूचना प्रणालीमा पेश गर्ने पूर्व स्वीकृतिको पिडिएफ भर्सन अपलोड गर्नुपर्दछ । डिभाईस प्रवेश गरेपछि पिन नंम्बर माग गर्छ । पिन हालेपछि डिभाईस सक्रिय हुन्छ । त्यसपछि प्रणालीको अपलोड सेक्सनमा पहिले तयार पारिएको फाईल तानेपछि स्वत: डिजिटल हस्ताक्षर हुने गर्दछ । त्यहाँ कुनै हस्ताक्षर भने देखिँदैन । कसैले थपघट गरेमा त्यसको जिम्मेवार कम्पनी सञ्चालक वा प्रयोगकर्ता हुनेछ ।

पेन ड्राईभ आकारमा पाइने डिजिटल हस्ताक्षरको डिभाईस रेडियन्टल प्रा.लि.अन्तर्गत रहेको नेपाल सर्टिफिकेसन प्रा.लि.ले विक्री गर्ने गरेको छ । नेपाल सरकारले खुला प्रतिस्पर्धाका माध्यमबाट उक्त कम्पनी छानेको हो । डिजिटल हस्ताक्षरको डिमाईस आवश्यक भएमा उक्त कम्पनीमा गई निवेदन दिएर प्रक्रिया पूरा गरी डिभाईस लिनुपर्छ । डिजिटल हस्ताक्षरको डिभाईस श्रम स्वीकृतिका लागि

बाँकी पृष्ठ २ मा

समानता, स्वतन्त्रता र न्यायको लागि आफ्नो अधिकारप्रति सजग र सचेत होऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

तु- आवश्यकता

यस प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु तु-आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

डकुमेन्टेशन अफिसर : २ महिला/पुरुष
पी.आर.ओ. : २ महिला/पुरुष

योग्यता: +2 Pass भई अंग्रेजी राम्रोसँग जानेको हुनुपर्नेछ । कम्प्युटरमा Photoshop, Word, Excel and Application Software सम्बन्धित अनुभव हुनुपर्नेछ ।

स्काई-वे म्यानेजमेन्ट प्रा. लि.
पुरानो बानेश्वर, काठमाडौं, नेपाल
Email: skywayreception@gmail.com

तु-आवश्यकता

यस पुकार इन्टरनेशनल ओभरसिज प्रा. लि. मुख्य कार्यालय, काठमाण्डौको लागि निम्न पदहरुको लागि कर्मचारीको आवश्यकता परेको हुनाले सम्बन्धित क्षेत्रमा अनुभव भएको इच्छुक व्यक्तिले आफ्नो बायोडाटा र अनुभवका प्रमाणपत्र सहित तुरुन्त सम्पर्क गर्नु होला ।

सेक्रेटरी - १ जना (महिला)
डकुमेण्ट कन्ट्रोलर - १ जना (महिला)

पुकार इन्टरनेशनल ओभरसिज प्रा. लि.

# नेपाल अब भुपरिवेष्टित रहेन : उद्योगमन्त्री भट्ट

**काठमाडौं/मस–** उद्योग वाणिज्य तथा आपुर्ति मन्त्री लेखराज भट्टले नेपाल अब भुपरिवेष्टित देश नरहेको बताएका छन् । सोमबार ललितपुरस्थित एक होटलमा नेपाल इन्टरमोडल यातायात विकास समितिको २३ औं वार्षिकोत्सव तथा रसद २०७६ विमोचन कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री भट्टले सो कुरा बताएका हुन् ।



मन्त्री भट्टले भने, 'नेपाल अब भुपविृस्टित रहेन । हवाइमार्गबाट होस् वा अन्य स्थलमार्गबाट होस हामी पहिले जस्तो भुपरिबेष्टित नै भन्नुपर्ने अवस्था छैन ।'

मन्त्री भट्टले सरकार परिवर्तित सत्ता अनुरुपको ऐन कानुन र संरचना निर्माणमा लागेको पनि बताए । 'सत्ता परिवर्तन भएको छ । परिवर्तित सत्ता अनुरुपको कानून र संरचना निर्माण गर्न तर्फ सरकार लागिपरेको छ । हामी सुल्टो तिर नै गइरहेका छौं' उनले भने । मन्त्री भट्टले नेपाल इन्टरमोडलको नेपाली नामाकरण गर्न सकिन्छ कि भन्नेमा सोच्नुपर्ने हो कि भन्ने सुझाव दिए । सरकार आर्थिक विकास र समृद्धिको दिशामा रहेको भन्दै उनले सबै मिलेर मात्रै उद्देश्य पूरा गर्न सकिने बताए ।

'राजनीति गर्ने पनि रुपान्तरित हुन जरुरी छ । पार्टी र प्रधानमन्त्रीले हामीलाई विश्वास गरेर हामीलाई जिमेवारी दायित्व दिइएको हो । राम्रो भएन भने हामीलाई पार्टीले फिर्ता बोलाउँछ' मन्त्री भट्टले भने, 'कुनै पनि लडाई जित्न सिपाहीदेखि कमाण्डरसम्म एक हुनपर्छ । त्यो ताकत हामी मन्त्रालयदेखि जाडिएका सबैमा हुन आवश्यक छ ।'

कार्यक्रममा नेपाल इन्टरमोडल यातायात विकास समितिका अध्यक्ष वैकुण्ठ अर्यालले पनि नेपाल भुपरिबेष्टितबाट भुजडित भएको बताए । भारत र चीन तर्फ निर्माण भएका वा तयारीमा रहेका सुख्खा बन्दरगाहरु उदाहरणका रुपमा रहेको उनले बताए ।

**आइइसीपी उद्घाटनमा निम्तो**

इन्टरमोडल यातायात विकास समितिका अध्यक्ष अर्यालले मोरङको बुद्धनगरमा निर्माण भएको एकीकृत जाँच भन्सार विन्दु (आइसीपी) को उद्घाटन कार्यक्रममा सहभागिताको लागि निम्तो गरे ।

मंगलबार (आज) नेपालका प्रधानमन्त्री केपी शर्मा ओली र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले मोरङको बुद्धनगरमा निर्माण भएको एकिकृत जाँच भन्सार विन्दु (आइसीपी) को उद्घाटन गर्दैछन् । भिडियो कन्फरेन्समार्फत दुबै देशका प्रधानमन्त्रीले उद्घाटन गर्दैछन् । भारतीय पक्षले निर्माण गरी नेपाललाई हस्तान्तन्तरण गर्न लागेको आईसीपी मंगलबार देखि कार्यान्वयनमा आउनेछ ।

उद्योग वाणिज्य तथा आपुर्तिराज्यमन्त्री मोतिलाल दुगडले सुख्खा बन्दरगाहको अवधारणाले वैदेशिक व्यापार प्रर्वद्धनमा ठूलो योगदान पुग्ने विश्वास व्यक्त गरे । तथापि केही अप्ठ्याराहरु रहेको उनले बताए ।

विकास निर्माणमा मुआब्जाका नाममा हुने अवरोधहरु समस्याको रुपमा देखा पार्ने गरेको भन्दै मन्त्री दुगडले सबैले विकासमा अवरोध सिर्जना हुन नदिन सचेत हुनुपर्नेम जोड दिए । नागरिक समाज पनि विकासमा हुने अवरोध हटाउनका लागि जागरुक हुनुपर्ने उनको भनाइ रहेको छ ।

# बाइपास सडक निर्माणमा बागमती सरकारको तदारुकता

**हेटौंडा/मस–** मुख्य बजारको सडकमा चाप बढेपनि राजमार्ग बिस्तारमा सरकारले चासो नदिएको भन्दै गुनासो रहेको समयमा सडक चापलाई कम गर्नका लागि बागमती प्रदेश सरकारले हेटौंडामा बाइपास सडक निर्माणमा तदारुकता देखाएको छ ।



सडकको चाप कम गर्नुसँगै राप्ती, कर्रा र कुखरेनी खोलाले बर्षेनि गरीरहेको प्रतिजमिन कटान रोक्नका लागि प्रदेश सरकार भौतिक पुर्वाधार तथा बिकास मन्त्रालयको पुर्वाधार बिकास कार्यालयले बाइपास सडक निर्माण थालेको हो । गत कात्तिकमा ठेक्का लगाएर थालिएको सडक निर्माणको कामको मन्त्रालयको जिम्मेवारी समेत सम्हालेका मुख्यमन्त्री डोरमणी पौडेल सहिको प्राबिधीक टोलीले अनुगमन गरेको छ ।

प्रदेश सरकारले काम गरिरहेको तत्कालिन बाइपास सडकलाई राजमार्गको रुपमा बिकास गर्नका लागि उपयुक्त भए नभएको अध्ययनका लागि विभागिय टोलीले समेत मुख्यमन्त्री पौडेल सहित निरीक्षण गरेको छ । सडक विभागका महानिर्देशक केशव शर्मा, उपमहानिर्देशक भिमार्जुन अधिकारी, संघीय सडक सुपरिवेक्षण तथ अनुगमन कार्यालयका सुपरीटेण्डीङ ईन्जिनियर राजेन्द्र शर्मा सहितको टोलीले अध्ययन गरी मुख्यमन्त्रीलाई जानकारी गराउने बताइएको छ ।

सरकारले १३ करोड रुपियाँमा ठेक्का लगाएर थालेको राप्ति पुलबाट उत्तरतर्फ चौकिटोल सम्मको २४ सय मिटर क्षेत्रको अनुगमन सहित कामको मुल्यांकन गरीएको हो । नदी नियन्त्रण सहित ७ दशमलब ५ मिटर चौडाईको कच्चि सडक निर्माणको कामले गति लिएको मन्त्रालयका बिकास कार्यालयका निमित्त प्रमुख डा. सहदेब बहादुर भण्डारीले बताए । निमित्त प्रमुख भण्डारीका अनुसार राप्तिपुल देखि चौकिटोल सम्मको २४ सय मिटरमा राप्तिखोला नियन्त्रणको लागि ग्याबिङ वाल, आरसिसी वाल, कल्वड र खोलामा जानका लागि साना सडक निर्माण गरिने गरी ठेक्का लागेको छ ।

सरकारले राप्तिपुलबाट पुर्वपश्चिम राजमार्ग जोड्ने गरी पहिलो चरणमा कर्रा खोला सम्मको १७ सय मिटरको ठेक्का लगाउने तयारी गरेको छ । १७ करोड रुपैयाँ स्टमेट निकालेको पुर्वाधार विकास कार्यालयले जनाएको छ । बाइपास सडकलाई पुर्व पश्चिम राजमार्गको बिरगञ्ज-हेटौंडा खण्डमा जोड्ने लक्ष्यका साथ काम थालिएको कार्यालयले जनाएको छ । कार्यालयका निमित्त प्रमुख भण्डारीका अनुसार बाइपास सडक राष्ट्रिय राजमार्ग रुपमा नभई नदीको क्षयीकरण रोक्ने र सडक निर्माण गर्ने लक्ष्यका साथ निर्माण थालिएको हो ।

# चरेससहित वडा सदस्य पक्राउ

**बाजुरा/मस–** बाजुराको बडिमालिका नगरपालिका-९ गैरी बजारमा डेढकिलो चरेससहित एक वडा सदस्यसहित दुईजना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालयले सोमबार पत्रकार सम्मेलन गरेर चरेससहित दुई जनालाई सार्वजनिक गरेको हो ।

प्रहरी नायब उपरीक्षक टंकप्रसाद भट्टाईका अनुसार पक्राउपर्नेमा बडिमालिका नगरपालिका-३ र जालीका वडा सदस्य ४० वर्षीय श्यामबहादुर खड्का र गौमूल गाउँपालिका-१ हाल मार्तडीमा होटल व्यवसाय गर्दै आएका देवबहादुर रोकाया रहेका छन् । उनले प्रहरी सहायक निरीक्षक शेरबहादुर थापाको गस्तीले गैरीबजारमा कालो झोलामा लुकाएर ल्याएको चरेस लिएर भाग्दै गरेको अवस्थामा पक्राउ गरेको बताए । पक्राउ परेका दुवैलाई लागुऔषध अपराध ऐन २०३३ अनुसार कारवाही गरिने प्रहरीले जनाएको छ ।

घरेलु मदिरा बरामद

जिल्ला सदरमुकाम मार्तडी बजार क्षेत्रका विभिन्न ठाउँबाट अवैध घरेलु मदिरा बरामद गरी आज नष्ट गरिएको छ । प्रहरीले विभिन्न ठाउँबाट बरामद गरेको ४२४ लिटर घरेलु मदिरा नष्ट गरेको प्रहरी नायब उपरीक्षक भट्टराईले बताए ।

उनले जिल्लामा मदिरासेवन गरी होहल्ला गर्ने १६ लाई नियन्त्रणमा लिई कारवाही गरिएको बताए । जिल्ला प्रहरी कार्यालय र मातहतका प्रहरी चौकीले छाउपडी गोठ भत्काउने मदिरा नियन्त्रण गने 'लगायतका कार्यलाई सक्रियताका साथ लागू गर्दै आएको छ ।

# व्यवसायी बस्नेतलाई पत्नी शोक

**काठमाडौं/मस–** व्यवसायी छत्र बस्नेतलाई पत्नी शोक परेको छ । यातायात, होटल, वैदेशिक रोजगार लगायतका व्यवसायकमा सक्रिय बस्नेतकी ५४ वर्षीया धर्मापत्नी दुर्गा बस्नेतको सोमबार बिहान निधन भएको हो । लामो समयदेखि क्यान्सर रोगबाट पीडित स्व.बस्नेतको भारतको नयाँ दिल्लीस्थित एपोलो हस्पिटलमा उपचार हुँदै गर्दा सम्भव नभएपछि स्वदेश फर्किने क्रममा बाटैमा निधन भएको हो । स्व.बस्नेतका श्रीमान् बस्नेत तथा २ छोरी र १ छोरा छन् ।



# समाजवादी कांग्रेसद्वारा प्रधानमन्त्रीलाई राष्ट्रिय पोशाक उपहार

**काठमाडौं/मस–** नेपाल समाजवादी कांग्रेसले प्रधानमन्त्री केपी शर्मा ओलीलाई नेपालको प्रतिष्ठा बोकेको पोशाक दौरा-सुरुवाल, टोपी तथा गुन्यू-चोलोको नमुना पठाएको छ । समाजवादी कांग्रेसले गृहसचिव प्रेमकुमार र ाईमार्फत प्रधानमन्त्री ओलीलाई र ाष्ट्रिय पोशाकको नमुना पठाएको हो ।



'देशको संस्कृति संरक्षण हुन सकेन भने राष्ट्रिय अस्तित्व बाँच्न सक्दैन' भन्दै प्रधानमन्त्री ओलीलाई राष्ट्रिय पोशाकको नमुना पठाइएको समाजवादी कांग्रेसका अध्यक्ष गोविन्द निरौलाले सोमबार आयोजित एक पत्रकार सम्मेलनमा जानकारी दिए ।

केही राजनीतिक पार्टी प्रतिनिधि समेतको उपस्थितिमा आयोजित कार्यक्रम राष्ट्रिय नागरिक आन्दोलन गर्ने उद्घोषका साथ शुरु भएको थियो । राष्ट्र सेवामा कार्यरत कर्मचारी ,मन्त्री तथा जनताका प्रतिनिधिहरुले समेत नेपालको प्रतिष्ठा बोकेको पोशाक दौरा-सुरुवाल, टोपी तथा गुन्यू-चोलो नलगाएको प्रति समाजवादी कांग्रेसले असन्तुष्टी जनाएको थियो ।

समाजवादी कांग्रेसले मुलुकमा भइरहेका विभिन्न किसिमका अन्याय, अत्याचार, भ्रष्टचार लगायतका कारण नागरिकहरुले दुःखकष्ट खेप्नुपरेको जनाएको छ । 'देशको संस्कृति संरक्षण हुन सकेन भने राष्ट्रिय अस्तित्व बाँच्न सक्दैन' भन्दै नेपाल समाजवादी कांग्रेसले सोमबार आयोजित पत्रकार सम्मेलनमा सो कुरा जनाएको हो ।

राष्ट्रघाती निर्वाचन अभियान बहिष्कार गरौं भन्दै २०६३ पछिका सवै निर्वाचन प्रक्रियाहरुलाई बहिष्कार गर्दै आएको समाजवादी कांग्रेसले भाषा, धर्म संस्कृति, धरोहरको संरक्षण हुनुपर्ने समेत माग गर्दै प्रधानमन्त्री ओलीलाई स्मरण पत्र बुझाएको पार्टीका अध्यक्ष गोबिन्द निरौलाले जानकारी दिए ।

समाजवादी पार्टीले संघियता र धर्मनिरपेक्षताले उत्पन्न गरेको विकृतिको कारण दे विघटनको अवस्थामा पुगेको समयमा नेपाली जनताहरु चिन्तित रहनु राष्ट्रप्रतिको जिम्मेवारी बोध हुने जनाएको छ । समाजवादी कांग्रेसले मुलुक उद्योगविहीन भएर उत्पादन र रोजगार विहीन हुनु देशको अस्तित्व नै संकटमा पर्ने बताउँदै सरकारलाई तत्काल उपयुक्त कदम चाल्न माग गरेको छ ।

## नैतिकता...

मार्गप्रशस्त गरेको थिएँ । त्यो कुरा पूरा गरेँ ।'

सोमबार नेकपाले जारी गरेको ११ बुँदे आचार संहिताको बुँदा नम्बर दुईमा 'घरभित्र र बाहिर पनि महिलाप्रति सम्मान प्रकट गर्नुपर्छ' भनी उल्लेख गरिएको छ । बुँदा नम्बर पाँचमा 'महिलामाथि हुने हिंसाका विरुद्ध सधैं खडा हुनुपर्छ । त्यस किसिमका गलत व्यवहार अन्त्य गर्न सांस्कृतिक सचेतना अभियान सञ्चालन गर्न सधैं प्रयत्न गर्नुपर्छ । कुनै पनि पार्टी सदस्यले महिला हिंसा र छुवाछूतपूर्ण व्यवहार गरेको प्रमाणित भए तुरुन्तै पार्टीबाट निष्काशन गर्नुपर्छ ।' भनी निर्देशन दिइएको छ ।

नेकपाले पार्टीको आन्तरिक रूपमा सर्कुलर गरेको विशेष परिपत्रमा अरूसँग बोलिने भाषा मर्यादित, सरल र मिठासपूर्ण हुनुपर्ने र कसैलाई पनि हेलाहोचो, एकारान्त तथा तँ भन्न पूर्ण रूपले बन्द गर्नुपर्ने उल्लेख छ । छोराछोरीको विवाह जन्मदिन पास्नी व्रतबन्ध लगायतका परम्परागत संस्कारलाई मितव्ययी बनाउँदै यस्ता संस्कार घरपरिवारमा मात्र सीमित गर्नुपर्ने आचारसंहितामा उल्लेख छ ।

यस्तै पार्टी सदस्यहरूले बेलाबेलामा आफ्ना परिवारका सदस्यको बैठक बसालेर सबैलाई सल्लाह सुझाव दिनु पर्ने समेत भनिएको छ । 'बेलाबेलामा परिवारका सदस्यहरू सबै जुटेर पारिवारिक बैठक बसी हार्दिकपूर्ण वातावरणमा सबलै सबैलाई सल्लाह, सुझाव दिने र आलोचना गर्ने स्थिति निर्माण गर्नुपर्छ, १६ वर्ष पुगेका परिवारका सबै सदस्यहरूका बीच दिनभरि गर्नुपर्ने घरका कामहरू सम्पन्न गर्न कार्यविभाजन गर्नुपर्छ । कार्यविभाजन गर्दा सबभन्दा अफ्ठेरो काम आफूले लिनुपर्छ। परिवारका सदस्यहरू सबैसँगै बसेर खाना खानुपर्छ', आचारसंहितामा उल्लेख छ ।

## आचार...

एकारान्त तथा तँ भन्न पूर्णरुपले बन्द गर्नुपर्छ । छोरी, छोराको विवाहलाई सरल मितव्ययी बनाउनुपर्छ । जन्मदिन, ब्रतबन्ध, पासनीजस्ता परम्परागत संस्कारलाई घरपरिवारमा मात्र सीमित गर्नुपर्छ । ३) सकेसम्म घरका सबै काम आफ्नै परिवारका सदस्यहरूको सहयोगमा सम्पन्न गर्नुपर्छ । नसक्ने अवस्थामा मात्र बाहिरबाट सहयोगी राख्नुपर्छ । सहयोगीलाई सम्मानजनक पारिश्रमिकको व्यवस्था गर्नुपर्छ । आफूले काम गरिरहेको अवस्थामै सहयोग लिनेगरी काममा लगाउनुपर्छ । खानपिन, बस-उठ गर्दा कुनै किसिमको भेदभाव नहुने गरी परिवारका अन्य सदस्यहरूसँग गरिने व्यवहारसरह सम्बन्ध विकास गर्नुपर्छ । बालबालिकालाई घरेलु श्रमिकका रूपमा राख्नुहुँदैन ।

४) पार्टी सदस्यले आफूमा व्यक्तिवादी, स्वार्थी भावना विकसित हुन नदिन कुनै किसिमको व्यवसाय वा उद्योग सञ्चालन गर्दा सकेसम्म सामूहिक नेतृत्वमा सञ्चालन गर्नुपर्छ । उनीहरूले सञ्चालन गर्ने व्यवसायमा संलग्न श्रमजीवीहरूलाई न्यूनतम रुपमा पनि कानुनबमोजिमको पारिश्रमिक र सुविधा र सम्मानपूर्ण व्यवहार गर्नुपर्छ ।

५) समाजमा रहेका कुरीति, रुढीवादी संस्कार, भेदभाव, छुवाछूत र महिलामाथि हुने हिंसाका विरुद्ध सधैं खडा हुनुपर्छ । त्यस किसिमका गलत व्यवहार अन्त्य गर्न सांस्कृतिक सचेतना अभियान सञ्चालन गर्न सधैं प्रयत्न गर्नुपर्छ । कुनै पनि पार्टी सदस्यले महिला हिंसा र छुवाछूतपूर्ण व्यवहार गरेको प्रमाणित भए तुरुन्तै पार्टीबाट निष्काशन गर्नुपर्छ र त्यस्तो व्यक्तिलाई जनप्रतिनिधिमूलक निकायमा उमेदार बन्न बन्देज लगाउनुपर्छ ।

६) पाँच वर्ष पुगेका बालबालिकालाई अनिवार्य विद्यालय पठाउनुपर्छ । घरमा सिक्ने सिकाउने उपयुक्त वातावरण सिर्जना गरी हुर्काउनुपर्छ ।

७) पार्टी सदस्यले नेपालको संविधान र प्रचलित कानुनलाई निःसर्त पालना गर्ने र कानुनबमोजिम कर तिर्ने आचरणको विकास गर्नुपर्छ । ऋण, सापटी वा आर्थिक लेनदेनमा विचार पुऱ्याएर काम गर्नुपर्छ । भ्रष्टाचार, कालोबजारी, गैरकानुनी कमिसन, करछली, अनियमितताजस्ता अपराध नगर्ने, गर्न नदिने तथा आफूसँग प्राप्त सूचना सरकारलाई उपलब्ध गराउने कर्तव्य निर्वाह गर्न नमूना बन्नुपर्छ ।

८) समाजवादी संस्कृतिको आधार सामूहिक जीवन प्रणाली हो । सामूहिक जीवनको सुरुवात परिवारबाट हुन्छ । तर परिवारमा मात्र आधारित हुने हो भने परिवारका निम्ति मात्र सोच्ने र काम गर्ने स्वार्थी प्रवृत्तिको विकास हुन्छ । उत्पादनमा सामूहिकता, वितरणमा सामूहिकता र उपभोगमा पनि सामूहिकता कायम गर्न सकियो भने सामूहिक जीवन प्रणाली विकास गर्न सकिन्छ । त्यसर्थ, महिनामा एक दिन गाउँ वा टोलका सबै परिवारजनका बीच वनभोज वा सहभोज गर्नुपर्दछ र सामूहिक भावना सिर्जना गर्नुपर्दछ । त्यस्ता कार्यक्रमहरूमा मद्यपान, धुम्रपान र छाडा व्यवहार गर्न प्रतिबन्ध नै लगाउनुपर्छ । मनोरन्जनका निम्ति शुभकामना आदान-प्रदान, मेलमिलाप, सार्वजनिक महत्वका विषयमा छलफल, नाचगान, नाटक, प्रवचन आदि सञ्चालन गर्नुपर्छ ।

९) प्रत्येक सदस्यले आफ्नो दैनिकीमा सादा जीवन र उच्च विचारलाई प्राथमिकतामा राख्नुपर्छ । आफूले मात्र होइन आफ्नो परिवार, गाउँ, टोल, सहरबजार, स्कूल, कलेज सबै ठाउँ र संस्थानहरूमा यस किसिमको जीवनशैलीका निम्ति प्रोत्सोहन गर्नुपर्छ । आफ्नो जीवनलाई सधैं जनताबीच खुल्ला किताब जस्तै राख्न प्रयत्न गर्नुपर्छ ।

१०) समाजमा रहेका कुरिती, कुसंस्कार र अन्धविश्वासजस्ता चलन समाप्त गर्न अग्रगण्य भूमिका खेल्नुपर्छ । समाजबाट बालविवाह, बहुविवाह, दाइजो, बोक्सी, छाउपडी, उँचनीच, छुवाछूत, जातपात र जातिभेद जस्ता कुसंस्कार र कुरिती अन्त्य गर्न सक्रियतापूर्वक लाग्नुपर्छ । यस किसिमका दुश्कार्यबाट आफूलाई सुधार गर्न नचाहने तथा दुरुत्साहन गर्नेलाई कानुनबमोजिम सँजायको भागीदार बनाउन सहयोग गर्नुपर्छ ।

११) उपरोक्त आचारसंहिता कार्यान्वयन गर्ने र गराउने जिम्मेवारी सबै पार्टी कमिटीहरूको हो । मुख्य जिम्मेवारी केन्द्रीय कमिटी, प्रदेश कमिटी र जिल्ला कमिटीको हो । पार्टीको सिद्धान्त,कार्यक्रम, नीति र विधान, नियमावली, निर्णय तथा आचारसंहिता पालना गर्नु प्रत्येक पार्टीसदस्यको कर्तव्य हो । यसको पालना नगर्ने तथा पटक-पटक सचेत गराउँदा पनि नसुध्रनेसदस्यलाई कानुनसंग सम्बन्धित सवालमा कानुन बमोजिम, पार्टी अनुशासनसँग सम्बन्धित सवालमा पार्टी विधान, नियमावली र निर्णय बमोजिम कारवाही गर्नुपर्दछ ।

## कांग्रेसको...

बहिस्कारका बीच पुस ११ मा बसेको कांग्रेस केन्द्रीय कार्यसमिति बैठकले एक वर्ष म्याद थप गर्दै १४औं महाधिवेशनको मिति तय गरेको थियो । पौडेल र सिटौला समूहले भने विधानका विभिन्न धाराहरु निलम्बन गरेकाले महाधिवेशन निश्पक्ष हुनेमा नै शंका गरेका छन् । 'विधानका विभिन्न धाराहरु निलम्बन गरिएको छ, त्यसलाई हटाउने र क्रियाशील सदस्यता छानबिनका लागि छुट्टै समिति बनाउन कुरा भइरहेको छ । तर सहमति जुटेको छैन ।'

## मनोनयन...

कांग्रेसका प्रमुख सचेतक बालकृष्ण खाँडले संविधान अनुसार सभामुख र उपसभामुख फरक दलको हुनुपर्ने प्रावधान अनुसार आफ्नो पार्टी दावेदारी हुने बताए । माघ १२ गते हुने सभामुख निर्वाचनको सन्दर्भमा पनि फरक दल र लिङ्गको सभामुख-उपसभामुख हुने संवैधानिक प्रावधान लागु हुने उनको भनाइ छ ।

नेकपासँग बहुमत भएका कारण उसले आफूले सभामुख र उपसभामुखमध्ये एउटा जिम्मेवारी सम्हाल्ने र नेपाली कांग्रेस प्रतिपक्षी दल र संसदको दोस्रो ठूलो दलका भएका नाताले सभामुख उपसभामुखमध्ये सत्तारुढ दलसँग हुने समझदारी अनुसार उमेदवारी दिइने बताए । 'पार्टीको बैठक बसेर निर्णय गर्छ । स्वभाविक रुपमा नै एक पदमा हाम्रो दाबी हुन्छ । निर्वाचनलाई 'बाइकट' गर्ने कुरा हुँदैन । प्रकृयामा सहभागी हुने हो । संविधानको प्रावधान अनुसार अगाडी बढ्ने हो ।' नेता खाँडले भने ।

**उपसभामुख नलिने**

प्रतिनिभिसभामा एक सीट रहेको राष्ट्रिय जनमोर्चा (राजमो) ले उपसभामुखमा दाबी नगर्ने जनाएको छ । सत्तारुढ नेकपा निकट मानिएको राजमोका सांसदलाई उपसभामुख बनाउने भनी चर्चा चलेको थियो । सभामुख, उपसभामुख वा संसदीय समितिका सभापति जस्ता पदहरुमा नजाने राजमोको नीति नरहेको तर, एकजना मात्रै सांसद भएकाले यी पदहरुमा व्यवहारिक रुपमा नजाने राजमोको मातृ पार्टी नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंहले बताएका छन् । सिंहले भने, 'उपसभामुखमा नजाने हाम्रो नीति होइन, तर अहिले प्रतिनिधिसभामा हाम्रो एकजना मात्र सांसद रहेकाले उपसभामुख नबन्ने नीति लिइएको हो ।'

एकजना सांसद उपसभामुख बनेपछि पार्टीका मुद्दाहरु सदनमा उठाउन नपाइने भएकाले उपभामुखमा नजाने सिंहले बताए । राजमोले यसअघि पनि उपसभामुखमा दाबी नगरेको बताउँदै सिंहले यसबारे विपक्षीले भ्रम फैलाएको दाबी गरे । 'दुर्गालाई उपसभामुख बनाउन मैले प्रचण्डलाई भेटेको जस्ता हल्ला फैलाइयो, तर मैले प्रचण्डलाई भेटेको पनि छैन र हामीलाई उपसभामुख चाहियो पनि कहिल्यै भनेको छैन ।' सिंहले भने ।

सापकोटाको बचाउ

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टीले प्रतिनिधिसभाको सभामुखमा प्रस्तावित अगनि सापकोटाको बचाउ गरेको छ । काभ्रेका अर्जुन लामाको अपहरणपछि भएको हत्यामा सापकोटाविरुद्ध सर्वोच्चमा चलिरहेको मुद्दाका विषयमा नेकपाले बोलेको हो । नेकपाका सांसद कृष्णभक्त पोखरेलले सभामुखका लागि उम्मेदवार तोकिएका अगनि सापाकोटा हरेक हिसाबले उपयुक्त रहेको बताए ।

आन्दोलनको अगुवा, विगतमा भइसकेकाले सापकोटाको उम्मेदवारी उपयुक्त रहेको तर्क पोखरेलले गरे। द्वन्द्वकालिन विषयहरुका हकमा सापकोटाको मात्रै नभएर सबैका मुद्दाहरु उठ्ने उनको भनाई थियो । उनले भने, 'द्वन्द्वकालिन विषयहरु उठाउने हो भने उहाँको मात्रै होइन। सबैका कुरा उठ्छन नी । त्यसैले द्वन्द्वकालिन विषयहरु आयोगको माध्यमबाट समाधानतर्फ लानुपर्छ उहाँ (सापकोटा) योग्य नेता हुनुहुन्छ ।' सांसद पोखरेलले सभामुख डा. शिवमाया तुम्बाहाङ्फेलाई नेकपाले सभामुख नबनाएकोबारे पनि बचाउमा उत्रिए । 'उपसभामुख हुनेबित्तिकै सभामुखको उम्मेदवारका लागि उपयुक्त हुन्छ भनेर सोच्नु गलत हो', उनले भने।

## डिजिटल...

पेश हुने मागपत्र अपलोड गर्नुका अतिरिक्त अन्य काममा पनि प्रयोग गर्न सकिन्छ ।

यो डिभाईस कतारमा कामदार पठाउने व्यवसायीले प्रयोग गर्न शुरु गरेका छन् । कतारबाट हालसम्म आएका डिमाण्ड सन् २०१७ को कोटा अन्तर्गतका डिमाण्ड हुन् । पूर्व स्वीकृति नलिए अबको ९ दिन अर्थात् जनवरी ३० तारिखमा ती डिमाण्डको मान्यता स्वतः समाप्त हुने छ । विभागको प्रणाली बिग्रेका कारण धेरै व्यवसायीहरुले यस अघि ल्याएका डिमाण्डमा पूर्व स्वीकृति लिन पाएका छैनन् । पूर्व स्वीकृति लिएपछि त्यसको २ वर्षसम्म कामदार पठाउन पाउने कानूनी व्यवस्था छ ।

## मागपत्रका...

विनाका कागजातहरु स्वीकार गर्दैन । विभागले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली सञ्चालन कार्यविधि २०७६ को दफा १९ अनुसार डिजिटल हस्ताक्षर गर्न पाइने बताएको छ ।

# भ्रमण वर्ष सफल पार्न पर्यटन महोत्सव र दौड

**पाल्पा/रासस–** पाल्पामा आन्तरिक एवं बाह्य पर्यटक भित्र्याउने उद्देश्यले पर्यटन महोत्सव हुने भएको छ । नेपाल पर्यटन भ्रमण वर्ष २०२० लाई सफल बनाउनका लागि एक सातासम्म कार्यक्रम आयोजना गरी यही आउँदो फागुनको तेस्रो साता महोत्सव आयोजना गरिने रामपुर नगरपालिकाका प्रमुख तथा पर्यटन प्रवर्द्धन समितिका अध्यक्ष रमणबहादुर थापाले जानकारी दिए ।

आउँदो फागुनको २४ गतेदेखि आयोजना हुने महोत्सवका अवसरमा कालीगण्डकी नदीमा जलयात्रा (र्‍याफ्टिङ), रामपुर बाहुनडाँडाबाट प्याराग्लाइडिङको व्यवस्था तथा यस क्षेत्रका जातजाति तथा रहनसहनमा आधारित विभिन्न सांस्कृतिक झाँकी प्रदर्शन गर्ने योजना रहेको समितिले जनाएको छ । दुई साताअघि गठन भएको समितिले पाल्पासँगै कालीगण्डकी नदी बेंसी क्षेत्रका स्याङ्जा, तनहुँ, नवलपुर जिल्लामा भएका धार्मिक ऐतिहासिक, पुरातात्विकको पहिचान, कला संस्कृतिको संरक्षण सम्बर्द्धन तथा पर्यटकीय क्षेत्रको प्रचारप्रसार गर्ने उद्देश्यले महोत्सव आयोजना भएको हो । पाल्पाको राम्दीदेखि भुजातसम्म जलयात्राको व्यवस्था, रामपुर-७ बाहुनडाँडादेखि भुजातसम्म प्याराग्लाइडिङ, भुजातमा स्थानीय झाँकी प्रदर्शन, तथा कालीनदीको नवलपुर डेढगाउँसम्म नै जलयात्राको व्यवस्था गर्ने योजना रहेको अध्यक्ष थापाको भनाइ छ । पाल्पा जिल्लामा थुप्रै पर्यटकीय स्थल, धार्मिक ऐतिहासिक तथा पुरातात्विक वस्तु, यस क्षेत्रका रहनसहन, कला र संस्कृतिमा धनी भए पनि प्रचारप्रसारको कमीका कारण ओझेलमा परेकाले पाल्पाली समाज कास्की तथा यस क्षेत्रका विभिन्न गाउँपालिकासँग समन्वय गरेर प्रचारप्रसारको काम तीव्र पारिने प्रचारप्रसार समिति संयोजक बुद्धिप्रकाश रेग्मीले जानकारी दिए ।

पाल्पाली समाजको सहयोगमा कास्कीको पोखरा, पाल्पा रामपुरको बेझाड, काठमाडौं देशका विभिन्न स्थानमा यस क्षेत्रको प्रचारप्रसारका लागि धार्मिक पर्यटकीय क्षेत्र, सांस्कृतिक प्रस्तुति, खानपानलाई झल्काउने भिडियो प्रदर्शनमा राखिएको छ । पाल्पाको पूर्वी भेग विशेषगरी रामपुर क्षेत्रका नेपालको १०० पर्यटकीय केन्द्रको सूचिमा रहेको तालपोखरा क्षेत्र, भुजात सिद्धबाबाधाम, सीताकुण्ड, लक्ष्मीनारायण मन्दिर, केलादीधामलगायतका थुप्रै धार्मिकस्थल, पाल्पाको बालन संस्कृति, सालैजो, झ्याउरे, रोइला, ख्याली, भजनकीर्तन, सोरठी, मारुनी, कृष्णचरित्रलगायतका कला संस्कृति एवं वेषभूषालगायतका उनीहरुको जीवनशैलीलाई समेटेर तयार पारिएको भिडियो प्रदर्शन गरिएको छ ।

ठाउँठाउँमा राखिएका भिडियो प्रदर्शन, पप्लेट वितरण तथा जलयात्राका लागि केही युवालाई स्वरोजगार बनाउन तालिमको समेत व्यवस्था गरिने र कास्की पोखराका केही होटल व्यवसायीसँग समन्वय गरी पोखरा आएका आन्तरिक तथा बाह्य पर्यटकलाई पाल्पाको रामपुरसम्म ल्याउने प्रबन्ध मिलाइने समितिले जानकारी दिएको छ । जिल्लामा आउने पर्यटकको संख्यामा वृद्धि गर्न जिल्लामा दौड प्रतियोगितासमेत हुने भएको छ । जिल्लाको १० वटै स्थानीय तह र नेपाली सेना गोरख दल गणको संयुक्त आयोजनामा नेपाल भ्रमण वर्ष २०२० लाई लक्षित गरी विजय दौड पाल्पा २०७६ हुने भएको हो ।

# ‘रूग्ण उद्योग कहिले सञ्चालनमा आउँछन् ?’

**काठमाडौं/मस–** मुलुकको आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा लिइएको उद्योग क्षेत्रको विकासमा उल्लेख्य ध्यान दिन सरकारलाई सांसदहरुले आग्रह गरेका छन्। राष्ट्रियसभाको आजको बैठकमा विशेष समयमा उनीहरुले सरकारकै लगानीमा रहेका कतिपय उद्योग रुग्ण अवस्थामा रहेको भन्दै तत्काल सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गराए ।



बैठकमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नन्दा चपाईंले उद्योग कलकारखानालाई आर्थिक विकासको मेरुदण्डका रूपमा मानिएको भए पनि पछिल्ला दिनमा धेरै उद्योग कलकारखाना रुग्ण अवस्थामा रहेकाले तत्काल ती उद्योग सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गराइन् । ‘अहिले पनि कतिपय उद्योग बेवारिस अवस्थामा छन्, सरकारले तत्काल ती उद्योगलाई सञ्चालनमा ल्याउनुपर्छ,’ उनले भनिन् ।

सरकारी लगानीमा खुलेका करोडौंको पूर्वाधारसहित स्थापना भएका दर्जनौं उद्योग अहिले पनि बन्द अवस्थामा छन् । वीरगञ्ज चिनी कारखाना, हेटौंडा कपडा, भृकुटी कागज कारखाना, गोरखकाली रबर उद्योग, हरिसिद्धि इँटा टायल उद्योग, कृषि सामग्री लिमिटेड, बुटवल धागोलगायत उद्योग लामो समयदेखि बन्द रहेका छन्। ती उद्योगको संरचना जीर्ण अवस्थामा छन् ।

सरकारले बन्द भएका तथा रुग्ण उद्योगलाई पुनः सञ्चालन गर्ने बताए पनि ती उद्योग पूर्ववत् अवस्थामा सञ्चालनमा आउन सकेका छैनन् । लामो समय बन्द अवस्थामा रहेको नेपाल औषधि लिमिटेड केही समयअघि सञ्चालनमा आए पनि त्यसले पर्याप्त उत्पादन दिन सकेको छैन।

नेकपाका हरिचरण शिवाकोटीले सुविधासम्पन्न पूर्वाधार निर्माण गरेर चिकित्सा शिक्षा अध्ययन गर्ने उद्देश्यले सञ्चालनमा आएका अस्पताललाई सम्बन्धन दिन सरकारको ध्यानाकर्षण गराए । ‘अत्याधुनिक सुविधा दिने गरी सरकारको अनुमति लिएर नै सञ्चालनमा आएका अस्पताललाई चिकित्सा शिक्षा अध्ययन गर्न किन अनुमति नदिने ?’, उनले प्रश्न गरे ।

नेकपाकै रामलखन चमारले भ्रमण वर्षलाई प्रवर्द्धन गर्न सरकारले धार्मिक क्षेत्रको विकास गर्नुपर्नेमा जोड दिए। उनले जनकपुर, त्रिवेणीधाम, लुम्बिनीलगायत क्षेत्रलाई जोड्ने गरी पूर्वाधार निर्माणमा सरकारको ध्यानाकर्षण गराए। राष्ट्रिय जनता पार्टीका रमेश यादवले पूर्वाधार निर्माणका नाममा नागरिकलाई विस्थापित गर्न नहुनेमा जोड दिँदै प्रभावित बासिन्दालाई उचित मुआब्जा र जग्गा उपलब्ध गराउन माग गरे ।

नेपाली कांग्रेसका तारादेवी भट्टले सरकारले संघीयता कार्यान्वयनमा तदारुकता देखाउन नसकेको आरोप लगाइन् । सत्ता सञ्चालन गर्ने व्यक्तिमा देखिएको एकात्मक सोचमा परिवर्तन हुने नसकेको उनको भनाइ थियो । ‘संघीय व्यवस्थाप्रति प्रदेश सरकारले प्रश्न उठाउने अवस्था आएको छ, संघ, प्रदेश तथा स्थानीय तहमा नेकपाको वर्चस्व भए पनि कामकारवाहीमा तालमेल भएको देखिएन,’ उनले भनिन् । नेपाली कांग्रेसका प्रकाश पन्थले वेद व्यासको जन्मभूमिलाई विकास गरी पर्यटन प्रवर्द्धनमा लगाउनुपर्नेमा जोड दिए । व्यासको जन्मभूमि वैदिक दर्शन अध्ययनको केन्द्र बन्न सक्ने उनको भनाइ थियो ।

यसैबीच, राष्ट्रियसभाले ‘संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५’ पारित गरेको छ। प्रधानमन्त्री केपी शर्मा ओलीका तर्फबाट अर्थमन्त्री डा युवराज खतिवडाले पेश गरेको उक्त विधेयक सर्वसम्मतिले पारित भएको हो ।

बैठकले ‘नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाउने निर्णयसमेत गरेको छ । बैठकमा प्रधानमन्त्रीका तर्फबाट अर्थमन्त्री डा खतिवडाले ‘नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्’ भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए। राष्ट्रियसभाको अर्को बैठक यही माघ १४ गते अपराह्न १ बजे बस्नेछ ।

# प्रदेशसभा सदस्य र पूर्व नगर प्रमुखको निधन

**काठमाडौं/मस–** प्रदेश नं ५ प्रदेशसभाका प्रमुख प्रतिपक्षी दलका नेता बलदेव शर्मा पोखरेलको ८२ वर्षको उमेरमा सोमबार निधन भएको छ । विगत एक वर्षदेखि क्यान्सर रोगबाट ग्रसित पोखरेलको रुपन्देहीको तिलोत्तमा नगरपालिका-१४ खैरियास्थित आफ्नै निवासमा अपराह्न साढे १ बजे निधन भएको हो । छातीमा क्यान्सरको संक्रमणका कारण रुपन्देहीको क्रिमसन अस्पतालमा उपचार गराइरहेका पोखरेललाई केही दिनअघि मात्रै घर लगिएको थियो ।





विसं १९९४ माघ १९ गते प्युठानको तुसारामा जन्मिनुभएका पोखरेल नेपाली कांग्रेसको समानुपातिक कोटाबाट प्रदेशसभाको सदस्य बनेका थिए। उनी प्रदेशसभाकै जेष्ठ सदस्य थिए । पोखरेलका श्रीमती, चार छोरा र दुई छोरी छन्।

त्यस्तै, तत्कालीन धरान नगरपालिकाका पूर्वप्रमुख ध्यानबहादुर राईको ६० वर्षको उमेरमा सोमबार निधन भएको छ । अर्बुद रोगको उपचार गराइरहेका राईको ललितपुरको पाटन अस्पतालमा निधन भएको हो । अस्पतालको सघन उपचार कक्षमा उपचाररत अवस्थामा पूर्वप्रमुख राईको निधन भएको बचाउ अभियानका संयोजक महेश श्रेष्ठले बताए ।

प्रमुख राई विगत एक वर्षदेखि अर्बुद रोगको उपचारमा थिए । भारतको राजधानी नयाँदिल्लीस्थित राजीव गान्धी क्यान्सर अस्पतालमा उपचार सम्भव हुन नसकेपछि उनलाई एम्बुलेन्समार्फत नेपाल नै ल्याइएको थियो। उनी विसं २०४९ को स्थानीय निकाय निर्वाचनमा तत्कालीन नेकपा एमालेबाट प्रमुखमा निवार्चित भएका थिए ।

## प्रधानमन्त्रीद्वारा समवेदना

**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले प्रदेश नं ५ का प्रदेशसभा सदस्य तथा नेपाली कांग्रेसका नेता बलदेव पोखरेलको निधन भएको खबरले आफूलाई अत्यन्त दुःख लागेको जनाएका छन्। प्रधानमन्त्री ओलीले शोक विज्ञप्ति जारी गरी उनीप्रति श्रद्धासुमन व्यक्त गर्दै शोक सन्तप्त परिवारमा गहिरो समवेदना व्यक्त गरेका छन् ।

फोक्सोको क्यानसरबाट पीडित पोखरेल प्रदेशसभामा ज्येष्ठ सदस्य तथा प्रमुख विपक्षी दलको नेता समेत थिए। प्रधानमन्त्री ओलीले रुपन्देहीमा नेपाली कांग्रेसको प्रतिबद्ध नेताको छवि बनाएका पोखरेलले समाज र राजनीतिमा पुर्‍याएको सकारात्मक योगदानको स्मरण पनि गरेका छन् ।

यसैगरी, प्रधानमन्त्री ओलीले तत्कालीन धरान नगरपालिकाका पूर्वप्रमुख ध्यानबहादुर राईको निधन भएकामा श्रद्धाञ्जलि व्यक्त गरेका छन्। न्याय, समानता, स्वतन्त्रता र समाजको परिवर्तनका लागि कम्युनिष्ट आन्दोलनमा समाहित हुँदै राजनीतिमा होमिएका राई २०४९ सालमा तत्कालीन नेकपा (एमाले)का तर्फबाट नगर प्रमुखमा निर्वाचित भएका थिए ।

# अभियन्ताहरुद्वारा शिद्धबाबामा सफाई

**कपिलवस्तु/मस–** ‘म मेरो देशमा फोहर गर्दिन’ मूल नाराका साथ विश्व सफाई अभियान चलाएका अभियन्ताहरुले आइतबार प्रदेश नं ५ को रुपन्देहीमा अवस्थित प्रसिद्ध धार्मिकस्थल शिद्धबाबा धाममा सरसफाई गरेका छन् । सो समुहले शिद्धबाबा धाम परिसर तथा छेउछाउका सडकहरु समेत सरसफाई गरेका हुन् ।



आफुले फोहोर नगर्ने, आफ्नो फोहोरलाई आफै व्यवस्थापन गर्ने भन्दै सञ्चालन गरिएको यस अभियानका लागि काठमाडौंबाट करिब २० जना विश्व सफाई अभियन्ता शिद्धबाबा धाम आएका थिए । सो अभियान प्रदेश ५ मा ५ दिन सञ्चालन हुने अभियान्ता एवं निरा गृहिणी समाजकी अध्यक्ष निरा तिम्सिनाले मध्यान्हलाई बताइन्। अभियान अन्तर्गत प्रदेश ५ मा रहेका अन्य धार्मिकस्थल, लुम्बीनी, तिलौराकोट तथा दाङमा पनि सरसफाई गरिने बताइएको छ ।

सो अभियान सफल पार्न स्थानीयवासीहरुले पनि सहयोग गरेका थिए । अभियन्ताहरुले सरसफाईका लागि स्थानीय निकायहरुले समेत समन्वय गर्नुपर्ने र उचित बजेटको व्यवस्थापन गर्नुपर्ने बताएका छन्।

## पोखरीमा डुबेर २ बालिकाको मृत्यु

**अर्घाखाची/मस–** अर्घाखाँचीको सन्धिखर्क नगरपालिका वडा नम्वर १ शान्ती बगैंचाको पोखरीमा डुबेर २ बालिकाको मृत्यु भएको छ । शान्ती बगैंचा भित्र खेल्ने क्रममा पोखरीमा डुबेर गम्भीर घाइते भएका दुबै जनाको उपचारको क्रममा जिल्ला अस्पताल अर्घाखाँचीमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

मृत्यु हुनेमा अर्घाखाँचीको मालारानी ८ घर भएकी ५ वर्षीया कृष्टीना महत र प्युठान नगरपालिका घर भई हाल सन्धिखर्कमा बस्ने ४ वर्षीया वर्षा थापा रहेका छन् । दुबै जनको शव पोष्टमार्टमका लागि जिल्ला अस्पतालमा राखिएको छ ।

## चोरिएको मूर्ति तीन वर्षपछि फेला

**जुम्ला/मस–** प्रसिद्ध धार्मिक मन्दिर चन्दननाथको मुख्य मूर्ति तीन वर्षपछि फेला परेको छ। मन्दिरबाट चोरिएको करिब १८ किलो चाँदीको दत्तात्रयको मुख्य मूर्ति खेतको आलीमा भेटिएको जिल्ला प्रहरी कार्यालय जुम्लाले जनाएको छ । विसं २०७३ मङ्सिर ११ गते राति मन्दिरबाट मूख्य मूर्तिसहित दर्जनौं बहुमूल्य मूर्ति चोरिएका थिए । आज बिहान चन्दननाथ नगरपालिकाको दानसाँघु भन्ने ठाउँमा खेतको आलीमा बेवारिसे अवस्थामा फेला परेको हो। स्थानीय लोकेन्द्र हमालले खेतको आलीमा मूर्ति देखेपछि मन्दिर र प्रहरीलाई खबर गरेका थिए ।

मूर्ति भेटिएपछि प्रहरी घटनास्थल पुगेको छ। मुचुल्का उठाइसकेपछि मन्दिरमा पुनःस्थापनाका लागि तयारी गरिने चन्दननाथ भैरवनाथ गुठी व्यवस्थापन समितिका उपाध्यक्ष दयादत्त खत्रीले जानकारी दिए। मूर्ति चोरी हुँदा त्यसबेला जुम्लामा आन्दोलन चर्किएको थियो ।

अनुसन्धानका लागि केन्द्रीय प्रहरी जाँच ब्यूरो (सिआइबी) को छानबिन टोली गठन गरे पनि मूर्ति कसले चोरेको हो भन्ने हालसम्म पत्ता लाग्न सकेको छैन । मूर्ति चोरी भएको केही समयपछि अन्य मूर्तिहरु गुठीचौर गाउँपालिकाको देपालगाउँमा फेला परेका थिए । मुख्य मूर्ति भने भेटिएको थिएन। भेटिएको मूर्ति स्थानीयवासीले आजै बाजागाजासहित मन्दिरमा ल्याउने तयारी गरेका छन् ।

## जबर्जस्ती करणीको आरोपमा अहेवमाथि मुद्दा चलाइयो

**नवलपुर/मस–** चालीस वर्षीय महिलालाई जबर्जस्ती करणी गरेको अभियोगमा बुलिङटार गाउँपालिका-४ अर्खला स्वास्थ्य चौकीमा कार्यरत अहेव टोकबहादुर सुस्लिङमाथि जिल्ला प्रहरी कार्यालय नवलपुरले मुद्दा चलाएको छ । प्राप्त उजुरीका आधारमा छैटौं तहमा कार्यरत अहेव सुस्लिङमाथि मुद्दा चलाएको हो। अहेव सुस्लिङ फरार रहेकाले उनको खोजी कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

‘माघ २ गते बिहीबार साँझ सुस्लिङले ती महिलालाई जबर्जस्ती करणी गरेको भन्दै उजुरी परेपछि मुद्दा चलाइएको हो,’ नवलपुरका प्रहरी उपरीक्षक मोहन पोखरेलले भने, ‘जाहेरी दर्ता भएपछि अहेव सुस्लिङलाई पक्राउ गर्न प्रहरी खटिएको छ।’ ‘घटना थाहा पाउने बित्तिकै प्रहरीलाई घटनास्थल पठाइएको छ,’ उनले भने, ‘पीडित महिलाको स्वास्थ्य जाँचसमेत गरिएको छ।’

घटना प्रहरी कहाँ पुगेको तीन दिनसम्म पनि आरोपित पक्राउ नपर्नु दुःखद भएको स्थानीयवासीले बताएका छन् । फरार आरोपीलाई प्रहरीले खोजतलास गर्न ढिला गर्न नहुने महिला अगुवा लीला भण्डारीले बताए । ‘पीडकलाई गाउँमै माफी मगाउने र पीडितलाई रु २० हजार दिएर मिलापत्र गर्ने धम्की दिएपछि प्रहरीको शरणमा आएका हौं,’ पीडित महिलाका श्रीमानले भने, ‘अहिले पनि तँसँग मुद्दा लड्ने पैसा छैन, मुद्दा फिर्ता लिई भन्दै पीडकका आफन्तहरुले दबाब दिएका छन् ।’

# समाजवादी पार्टी प्रदेश नं. ५ ले मनायो ‘बलिदानी दिवस’



**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, ६ माघ

समाजवादी पार्टीको कपिलवस्तु, दाङ, बाँके र पाल्पा लगायत प्रदेश ५ को १२ जिल्ला समन्वय समितिले आइतबार संगठन विस्तार तथा सुदृढीकरण (वि.सु.)अभियान कार्यक्रम अन्तर्गत जिल्ला समन्वय समितिको बैठक तथा बलिदानी दिवस सम्पन्न गरेको छ। पार्टीले प्रदेश ५ का १२ जिल्लामा दीप प्रज्वलन लगायतका कार्यक्रम गरेर बलिदानी दिवस मनाएको हो ।

साथै सोहि अवसर पारेर सो पार्टीको प्रदेश समितको आह्वानमा राष्ट्रिय सभा निर्वाचनमा पार्टीका उम्मेद्वारलाई विजय गराउन पार्टीका तर्फवाट निर्वाचित गाउँपालिका/नगरपालिका अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उप प्रमुख र प्रदेश सभा सदस्यहरुसँग छलफल समेत गरेको छ ।

अभियान सफल पार्न पार्टी प्रदेश समितिका तर्फबाट नवलपरासीमा पार्टी प्रदेश अध्यक्ष अशोक कुमार यादव, केन्द्रीय सदस्य एवं प्रदेश ईन्चार्ज दानवहादुर चौधरी, केन्द्रीय सदस्य तथा सहईन्चार्ज चिनककुर्मी, केन्द्रीय सदस्य मुन्नालाल गुप्ता, उपाध्यक्ष धनेश्वरी चौधरी, रुपन्देहीका केन्द्रीय सदस्य तथा जिल्ला ईन्चार्ज सागर पान्डेय, प्रदेश उपाध्यक्ष सन्तोष पान्डेय, कपिलवस्तुका केन्द्रीय सदस्य सहशराम यादव, उपाध्यक्ष अब्दुल रशिद, दाङका मुख्य सचिव यज्ञ पोखरेल, केन्द्रीय सदस्य हरि रिजाल, बाँकेका केन्द्रीय सदस्य अजय श्रीवास्तव, प्रदेश कोषाध्यक्ष अम्विका काफ्ले र पाल्पामा केन्द्रीय सदस्य तथा प्रदेश सह ईन्चार्ज नवीन सुनुवार, प्रदेश सचिव हिमानी थापा, समाजसेवी युवा नेता तथा पार्टीका जिल्ला सह सचिव इरफान रजा सम्वन्धित जिल्लामा सहभागी भएको प्रदेश प्रवक्ता अकरम पठानले जानकारी दिए।

तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।

HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com




राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.

G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com



## सम्पादकीय

# आचार संहिताको औचित्य

सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले पार्टी अनुशासन कायम गर्न एघार बुँदे आचारसंहिता जारी गरेको छ । अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'को संयुक्त हस्ताक्षरमा जारी संहिताले पार्टी अनुशासनका लागि कठोर नीति लिने देखिन्छ । एघार बुँदालाई राम्ररी अध्ययन गर्ने हो भने व्यक्ति, समाज र राज्यलाई व्यवस्थित गर्ने प्रयास संहितामा व्यवस्था गरेको प्रष्ट बुझ्न सकिन्छ । संहिता संवैधानिक बाध्यता नभए पनि पार्टीको प्रावधानअनुसार, सदस्यता लिएका र शपथ ग्रहण गरेकाहरूलाई नेकपाको आचारसंहिताले महत्वपूर्ण अर्थ राख्छ ।

नेकपाले आफ्ना सदस्यले कस्तो आचार व्यवहार गर्ने, मनोविज्ञानको निर्माण कसरी गर्ने देखि समाज र राज्यसँग कस्तो सम्बन्ध राख्ने भन्ने सम्म उल्लेख गरिएको छ । नेपाली समाजले हेपिएको अनुभव गर्ने शब्दावली 'तँ' प्रयोगलाई पूर्णत बन्देज गर्न पार्टी पंक्तिमा सर्कुलर जारी गरेको छ भने सामुहिकताको भावना विकास गर्ने अभ्यास परिवारबाटै थाल्न उर्दी गरिएको छ । पाँच वर्ष पुगेका बालबालिकालाई अनिवार्य विद्यालय पठाउने बातावरण तय गर्नुपर्नेमा जोड दिइएको छ । जातीय, क्षेत्रीय, लैंगिक, धार्मिक लगायत कुनै पनि विभेद नगर्ने र गरेमा त्यस्ता सदस्यलाई पार्टीबाट निष्कासन गर्न प्रदेश र जिल्ला कमिटीका नेताहरूलाई निर्देशन नै जारी गरिएको छ ।

श्रमिक वर्गको सम्मान गर्न र कुनै पनि श्रममा आवद्ध हुने बानीको विकास गर्न तथा नेकपा आवद्ध नेताहरूले न्यूनतम पारिश्रमिकको व्यवस्था गर्नुपर्ने जस्ता कठोर संहिता नेकपाले निर्माण गरेको छ । घरायसी काममा श्रमिक सकेसम्म प्रयोग नगर्ने र गरिहालेमा विभेद नगर्ने संहिता समेत जारी भएको छ । अझः कमाईबाट राज्यलाई कर तिर्ने आदर्शवादी शब्द प्रयोग सुन्दा नेकपा अत्यन्तै आदर्शवादी मार्गतर्फ चलेको आभास दिने प्रयास गरिएको छ ।

तर मूल प्रश्न हो, कार्यान्वयन होला ? किनभने अहिलेको नेपाली समाजको चरित्र बहुलवादी, खुला र उदार लोकतन्त्र हो । यस्तो समाजमा नेकपाको संहिता कार्यान्वयन सजिलो छैन । त्यो भन्दा मूल प्रश्न त, नेतृत्व पंक्तिले अहिले जे गरिरहेका छन्, त्यसैमाथि उठ्छ । भ्रष्टाचार, फजुल खर्च, अनावश्यक तडकभडक, व्यभिचार देखि सुशासन विरोधी तत्व सँग सम्बन्ध राख्नेमा नेकपाका तल्ला तहका कार्यकर्ता होइन, नेतृत्व नै अग्रपंक्तिमा देखिन्छन् । यो संहिता कार्यान्वयन भए नेपाली समाजले नै रूप फेर्नेछ । किनभने, नेकपा शक्तिशाली सत्तारूढ दल मात्रै नभएर, नेपाली समाजको जरासम्म फैलिएको संगठन पनि हो । यसमा हुने परिवर्तनले सिंगो राज्यको परिवर्तन हुन सक्छ । तर, कार्यान्वयन भएन भने इतिहासका लागि झुटा दस्तावेज र अन्तर्राष्ट्रिय जगतमा भ्रम मात्रै पर्न जान्छ । देश भने झनै पछाडि धकेलिन सक्छ ।

## सामाजिक सञ्जाल




'बिना योगदानको प्राप्तिले मान्छेलाई भूइँ न भाडाको बनाउँछ भन्थे हो रहेछ ।'

- रामकुमारी झाँक्री



सरजी, बजारमा चलेका हल्लादेखि नडराउनुस् । सब एमालेको टिङिक हो । युद्ध अपराधमा सबै नाइके दोषी नै हुन् । पहिलेका सर चाँही मान्छे मार्दा 'यो मुर्खलाई क्षमा देऊ' भनेर छातीमा दायाँ बायाँ हात गरेर बस्नु हुन्थ्यो र ? क्रान्तिमा हत्या सही भनेर देशै बुझाएका हामी तोरी जनता तपाईँसँगै छौं गो अहेड ।

– रामेश



द्वन्द्वको घाऊ सबैलाई छ, प्रत्यछ वा अप्रत्यक्ष तर मुद्दा ब्युझाएर फेरि व्यवस्थालाई चुनौती दिन खोज्नु चाँही 'डलर' खेती नै हो कि नेपालमा यो व्यवसायमा लागेकाको 'टार्गेट' १० बर्ष द्वन्द भन्दा अरू छैन, हाम्रो जस्तो मुलुकमा आधारभूत आवश्यकता 'पनि मानव अधिकार' भित्र पर्छन, त्यता ध्यान खोइ ?

– निर्मला ढकाल



हैन कुलमानको कति बखान गरेको के अनावश्यक कुरामा पनि, यस्तो देख्दा त कुलमानले पनी हनुमान पालेछन कि झै लागेर आउने के

– गुरुदेव


### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com


# नेपालमा महिला उद्यमशीलताको महत्व तथा आवश्यकता



■ गम्भीरबहादुर हाडा

"नेपालमा परम्परादेखि नै महिलाहरू शोसित हुँदै आएका छन् । उनीहरू घरभित्रै सीमिति हुनुपर्ने मान्यता रहेको पाइन्छ । तर, हाल विश्वमा महिला सशक्तीकरण वा विकासमा महिलाजस्ता अवाज उठिरहेको छ । यसबाट महिलाहरू घरेलु कार्यमा मात्र सीमित बस्नुपर्छ भन्ने धारणा क्रमशः विस्थापित हुँदै गइरहेको छ ।

उद्यमी शब्दको मूल अर्थ हो, यस्तो आर्थिक नेता जो, नयाँ वस्तुहरू, नयाँ प्रविधि तथा पूर्तिका लागि स्रोतहरूलाई सफलतापूर्वक प्रचलित गरेर सुअवसर बनाउने योग्यता राख्छ । जसले आवश्यक संयन्त्र तथा साधन, प्रविधि र श्रमशक्तिलाई एक ठाउँमा ल्याउँछ र संगठित गरेर कारोबार चलाउने समेत क्षमता राख्छ । देशको आर्थिक तथा राजनीतिक प्रणाली जेसुकै होस्, तर आर्थिक विकासका लागि उद्यमी एकदमै आवश्यक छ, समाजवादी राज्यमा राज्य आफैं उद्यमकर्ता हुन्छ । तर, नेपालजस्तो अल्पविकसित देशहरूमा यही स्थिति रहन्छ, किनभने यस्ता देशहरूमा पनि निजी उद्यमकर्ताले जोखिम उठाउन संकोच गर्छन् । जोखिम लिन संकोच मान्छन् । जुन नयाँ उद्योगहरूसँग सम्बन्ध रहन्छ। उन्नत पुँजीवादी समाजहरूमा निजी उद्यमीहरूले नै समाजको विकासमा महत्वपूर्ण कार्य गर्छ ।

केही अर्थशास्त्रीको भनाइअनुसार उद्यमीको कार्य जोखिम उठाउने र अनिश्चितताको स्थितिमा काम गर्नु हो । केही अर्थशास्त्रीका अनुसार उद्यमीको कार्य उत्पादक साधनहरूमा तालमेल स्थापित गर्नु हो । प्रमुख अर्थशास्त्री ब्रेलब्रोनका अनुसार निजी उद्यमी दीर्घकालीन आर्थिक विकासको अनिवार्य अंग हो, लाभबाट प्रेरित र नयाँ तरिकाको पहिचान गर्नमा उद्यमीको योग्यता, क्षमता र तत्परता आर्थिक विकासमा अत्यन्त महत्वपूर्ण छ । उद्यमीको प्रमुख कार्य उत्पादनको नयाँ तरिकालाई प्रचलन गर्नु र स्थानीय उपभोगलाई अनुकूल बनाउनु हो । अर्थव्यवस्थामा वस्तुहरूको मूल्य र लागतको ज्ञान हुनु पनि उद्यमीका लागि महत्वपूर्ण छ। किनभने, यसबाट उपलब्ध साधनहरूको सर्वोत्तम उपयोग गर्ने र उपयोग गरेर उत्पादकत्व बढाउनमा सहयोग गर्छ । उद्यमी साधन सम्पन्न, मितव्ययी र परिश्रमी भएमा देशको आर्थिक विकासमा व्यापक प्रभाव पर्छ । अर्थव्यवस्थामा पुरानो प्रविधिको स्थानमा नयाँ प्रविधिको उपयोग गरेमा भौतिक उन्नति हुने सम्भावना बढी रहन्छ र मानिसको जीवनस्तरमा समेत सुधार हुन जान्छ । उद्यमी उच्च शिक्षा प्राप्त, प्रशिक्षित तथा कुशल व्यक्ति भएमा अरूसँग नभएको गुण यस्तो उद्यमीमा रहेको हुन्छ । नेपालमा कुल जनसंख्याको आधाभन्दा बढी संख्या महिलाको छ । यस्तोमा विकासमा महिलाको सहभागिताबिना देशको प्रगति नहुने स्पष्टै छ । नेपालमा परम्परादेखि नै महिलाहरू शोसित हुँदै आएका छन् । उनीहरू घरभित्रै सीमिति हुनुपर्ने मान्यता रहेको पाइन्छ । तर, हाल विश्वमा महिला सशक्तीकरण वा विकासमा महिलाजस्ता अवाज उठिरहेको छ । यसबाट महिलाहरू घरेलु कार्यमा मात्र सीमित बस्नुपर्छ भन्ने धारणा क्रमशः विस्थापित हुँदै गइरहेको छ । हाल नेपालमा उद्यमीशीलतामा महिला सहभागिता क्रमशः वृद्धि हुँदै गएको छ ।

सामान्यतया महिला उद्यमशीलता भन्नाले महिला उद्यमीहरूबाट गरिने व्यावसायिक प्रतिष्ठानको सञ्चालन, सङ्गठन र स्थापनालाई बुझिन्छ । अथवा सुम्पिटरको उद्यमशीलता अवधारणाअनुसार महिला जसले नवप्रवर्तनद्वारा अथवा अन्य व्यवसायको नक्कल वा स्वीकार गरेर व्यावसाय सञ्चालन गर्छ भने त्यस कार्यालाई महिला उद्यमशीलताको अर्थमा लिन सकिन्छ।

त्यसैगरी स्कारब्रो तथा जिमररले महिला उद्यमीहरूलाई दुई वर्गमा विभाजन गरी आफ्ना विचारलाई अघि सारेका छन् । जस्तै : पहिलो पुस्ताका महिला उद्यमीहरू र दोस्रो पुस्ताका महिला उद्यमीहरू । उनीहरूका विचारमा आर्थिक, सामाजिक तथा मनोवैज्ञानिक सङ्कटका कारण बाध्य भएर उद्यमशीलतामा लागेका महिलाहरू पहिलो पुस्ताका उद्यमीहरू हुन् भने पुरुष सामान उही दक्षता, योग्यता र अपेक्षा लिएर उद्यम सञ्चालन गर्ने महिलाहरू दोस्रो पुस्ताका उद्यमीहरू हुन् । उनीहरूमा पुरुष समान नै सीप, तालिम, शिक्षा, निपुणता तथा निर्णय क्षमता हुन्छ र उनीहरू पनि पुरुषहरूले चाहेजस्तै उद्यमबाट स्वतन्त्रता, उपलब्धि आवश्यकता र परिचय चाहन्छन् । त्यसैले वर्तमान विश्वमा दोस्रो पुस्ताकै महिला उद्यमीहरूको बाहुल्यता पाइन्छ । विकासशील राष्ट्रमा भने पहिलो पुस्ताका महिला उद्यमीहरूको संख्या अधिक भेटिएको छ।

भनिन्छ, जति पुरुषले व्यवसायका बारेमा सोच्छ त्यति महिलाहरू पनि सोच्छन् अझ भनौं थप कुरा बुझ्ने चाहनाले उनीहरू चुपो लागेर बस्दैनन् । महिला उद्यमीहरू पनि आत्मविश्वासी तथा निपुण हुने भएकाले पुरुष समान जोखिम लिन तयार हुन्छन् । भविष्यमा देखा पर्ने अनिश्चितताको आजै पूर्वानुमान गरी त्यसबाट कसरी मुक्त हुन सकिन्छ भन्ने गृहकार्यमा लाग्छन् । तर पनि केही मानिसको भनाइ छ, पुरुष जोखिम लिन चाहन्छ जबकि महिला जोखिम पञ्छाउन चाहने हुन्छन् । महिला उद्यमीहरू लक्ष्यन्मुख त हुन्छन् नै, त्यसका अतिरिक्त उनहिरू परिमाणप्रति विशेष ध्यान राख्छन् । यसका लागि विभिन्न व्यावसायिक एकाइहरूबीच कर्मचारी, कामदार आदिको सुपरिवेक्षण र उत्पादन प्रणालीको निरीक्षणमा बढी जोड दिन्छन् । अर्कातर्फ संगठनलाई नेतृत्व दिने क्रममा सम्झने वा सम्झाउने कार्यमा पनि महिला उद्यमीहरू लागेका हुन्न् । यथपि महिला नेत्त्वलाई सहज रूपमा पुरुष प्रदान देशमा स्वीकार नगरिने अवस्थामा उचित वातावरणको सिर्जना गरी महिला पुरुषको विभेदीकरणलाई कम गर्ने प्रयास भने उसको व्यक्तिगत क्षमता र कुशलतामा निर्भर गर्छ ।

महिला उद्यमीहरूले कुनै पनि उद्योग वा व्यवसाय स्थापना गर्नका लागि उसलाई विभिन्न स्रोत-साधनहरू तथा सुविधाहरूको आवश्यकता पर्छ । साना उद्योगका लागि थोरै मात्र स्रोत-साधनको आवश्यकता पर्छ भन्ने ठूला उद्योगका लागि त्यत्तिकै मात्रामा स्रोत-साधनको आवश्यकता पर्छ । त्यस्ता स्रोत-साधन र सुविधाहरू सम्पूर्ण मात्रामा उद्यमीहरूले आफैंले मात्र व्यवस्था गर्न सक्षम नहुन सक्छन् । यस्तो अवस्थामा उनीहरूलाई सहयोग गर्न विभिन्न संघ-संस्थाको सहयोगको आवश्यकता पर्छ । यसरी ती संघ-संस्थाबाट प्राप्त हुने सहयोगलाई नै संस्थागत सहयोग भन्न सकिन्छ। महिला उद्यमशीलता विकासका लागि सर्वप्रथम आर्थिक तथा सामाजिक पूर्वाधारहरू निर्माण गरिनुपर्छ । यातायात, सञ्चार, विद्युत्, ऊर्जा सुविधा, बजार विस्तार आदि आर्थिक पूर्वाधार र विकासका लागि प्रतिकूल रहेका सामाजिक बाधा-व्यवधानहरू हटेपछि मात्र उद्यमशीलता विकासको सम्भावना वृद्धि हुन्छ । यातायात, सञ्चार, वित्तीय संस्थाको विकास, विद्युत्, इन्धन, सिंचाइ आदिको सिर्जना तथा विकास गर्नु आर्थिक आधारशीला निर्माण गर्नु हो भने शिक्षा, स्वास्थ्य, आवास, प्रशिक्षण, कुशल प्रविधिको विकास आदिमा लगानी गर्नु सामाजिक आधारशिला निर्माण गर्नु हो । विशेषतः यो कार्य गर्नमा सरकार तथा सरकारी नियकायहरू सहभागी हुन्छन् । यी आर्थिक तथा सामाजिक पूर्वाधारहरूले अर्थतन्त्रको विकासको गति अगाडि बढाउँदै लैजान्छ । नेपालमा उद्यमीहरूलाई संस्थागत सहयोग पुऱ्याउन सरकारी स्तरबाटै विभिन्न व्यवस्था भएका छन् । विशेष गरी विभिन्न सरकारी निकायहरूले संस्थागत सहयोगले संस्थागत सहयोग पुऱ्याउनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । यस्ता सरकारी निकायहरू भन्नाले सरकार मातहतमा रहेका विभिन्न मन्त्रालय, विभाग तथा स्थानीय शाखा-प्रशाखाहरूलाई बुझाउँछ । यी निकायहरूले उद्योग-व्यवसायसँग सम्बधित विभिन्न नीतिनियम तर्जुमा गरेर उद्यमीहरूलाई सहयोग गर्छन् ।

महिला उद्यमीहरूले मुख्यतः दुई प्रकारका समस्याहरू झेल्नुपर्ने हुन्छ । एउटा सामान्य समस्या जुन प्रत्येक उद्यमीहरूले झेल्नुपर्ने हुन्छ भने अर्को समस्या जुन महिला भएकै कारणले झेल्नुपर्ने हुन्छ। कुनै पनि उद्यमका लागि वित्तको ज्यादै महत्व छ । पुँजीबिनाको व्यवसाय कल्पना गर्न सकिँदैन । वित्तलाई व्यवसायको जीवन-रक्त भनिन्छ। अतः व्यवसाय सुरु गर्न चाहिने यस्तो महत्वपूर्ण कुरामा महिलाहरूको पहँच कम हुन्छ। उनीहरू वित्तको अभावमा व्यवसाय गर्न नपाउने हुन सक्छन् । आफ्नै निजी बचतबाट व्यवसाय चलाउनुपर्ने बाध्यता रहन्छ । बैंक तथा वित्तीय संस्थाहरूले पनि महिलाहरूलाई ऋण उपलब्ध गराउन कम मात्र प्राथमिकता दिएको पाइन्छ, अतः महिला उद्यमीहरूको प्रमुख समस्या वित्तको अभाव हो । महिला उद्यमीहरूले झेल्नुपर्ने अर्को समस्या कच्चापदार्थको अभाव हो । विशेषतः साना उद्यमीहरूले कतिपय अवस्थामा थोरै मात्रामा कच्चापदार्थ नपाइनु र पाए पनि चर्को मूल्य तिर्नुपर्ने हुन जान्छ, जसबाट उत्पादन लागत बढ्न गई उनीहरूको उत्पादनले सीमित बजार पनि गुमाउनुपर्ने हुन जान्छ। कडा प्रतिस्पर्धा पनि महिला उद्यमीहरूका प्रमुख समस्या नै हो ।

सरकारी, गैर-सरकारी तथा निजी क्षेत्रमा महिला रोजगारी वृद्धि गर्न सकारात्मक पहल गरिनेछ । शिक्षा, स्वास्थ्यलगायत अन्य क्षेत्रमा महिला रोजगारीलाई प्राथमिकता दिने नीति अपनाइनेछ। महिलाहरूलाई आफ्नो हक-अधिकार तथा मानवअधिकारबारे सचेतना बढाउन आवश्यक आधारभूत तालिमलाई अभियानका रूपमा सञ्चालन गरिनेछ । महिलाको सम्पत्तिमा पहुँच न्युन भएको सन्दर्भमा सरकारी स्तरबाट वितरण गरिने स्रोतको बाँडफाँडमा महिलाहरूलाई समान र आवश्यकताअनुसार विशेष अधिकार दिने नीति लिइनेछ । कार्यबोझ हुलुका गर्ने तथा समय बचत गराउने घरायसी तथा व्यावसायिक प्रविधिहरूमा महिलाको पहुँच सुनिश्चित गर्ने नीति अवलम्बन गरिनेछ । दलित, जनजाति, अपाङ्ग र भौगोलिक तथा आर्थिक दृष्टिकोणबाट पछाडि परेका लक्षित महिलाहरूको सामाजिक तथा आर्थिक विकास गर्ने नीति अपनाइने छ । महिलाहरूको आय आर्जन क्षमता अभिवृद्धि गर्न सानो, सुखी र गुणस्तरीय परिवार, स्थानीय प्राकृतिक स्रोतको समुचित उपयोग र स्रोत तथा वातावरण संरक्षण कार्यमा महिला सहभागितालाई जोड दिइनेछ । महिलाहरूको श्रम उत्पादकत्व बढाउन उपयुक्त प्रविधि विकासमा जोड दिइनुका साथै विकासका विविध कार्य क्षेत्रहरूलाई लैङ्गिक विभेदबाट मुक्त गरिनेछ । उद्योग क्षेत्रमा महिलाहरूलाई मूल प्रवाहीकरण गर्न उद्यमी नीति, श्रम ऐनजस्ता कानुनी प्रावधानहरूलाई संशोधन गरिनेछ ।

# नेपालमा व्यावसायिक कृषिका समस्या र समाधान



ज्ञानमणि नेपाल कालोटोपी

गएको तीन वर्षपहिलेको कुरा गर्ने हो भने त्यतिबेला भारतले गरेको नाकाबन्दीको अवधिमा काठमाडौंलगायत देशके धेरै भूभागमा झन्डै खाद्यसंकटको स्थिति नै देखा पऱ्यो । यदि त्यो नाकाबन्दी थप केही समय लम्बिएको थियो भने नेपालमा लगभग खाद्यसंकट देखिने स्पष्ट संकेत आइसकेका थिए । सन् १९६० को दशकमा खाद्यान्न निर्यात गर्ने नेपाल अहिले आवश्यकताको लगभग ४०/४५ प्रतिशत खाद्यान्न आयातमा भर पर्नुपरेको अवस्था छ । यो आयातको दर निरन्तर तीव्र गतिमा वृद्धि भइरहेको छ। यसो हुनुको प्रमुख कारण नेपाली कृषिको शैलीमा नदेखिएको परिवर्तन अर्थात् गुजारामुखी कृषिबाट व्यावसायिकतामा जान नसक्नु नै हो ।

पछिल्लो जनगणनाअनुसार नेपालको अझै कुल जनसङ्ख्याको ७१ प्रतिशतभन्दा बढी मानिस कृषिमै संलग्न छन् । यद्यपि पछिल्लो समय यो शैलीमा परिवर्तन देखिएको छ; अर्थात कृषिक्षेत्रबाट श्रमशक्ति रूपान्तरण भइरहेको छ । सामान्यतः अर्थशास्त्रको सिद्धान्तअनुसार यसरी रूपान्तरण भई मानिसहरू देशभित्रकै औद्योगिक क्षेत्रमा आउने गर्छन् र संसारभरि नै यस्तै अभ्यास देखिन्छ । तर, नेपालमा यस्तो अभ्यास भएको देखिन्न । अर्थात् कुल राष्ट्रिय आयमा पछिल्लो १० वर्षको औद्योगिक क्षेत्रको योगदान हेर्ने हो भने १० प्रतिशतबाट झरेर ५ प्रतिशतमा आइपुगेको छ । यसको अर्थ स्थानान्तरण भएका श्रमशक्ति देशभित्रको औद्योगिक क्षेत्रमा छैनन् । हामी सबैलाई थाहा छ, त्यो श्रमशक्ति आधुनिक मानवदास श्रमिक बनेर मध्यपूर्व पुगिरहेको छ । आज करिब ५० लाख नागरिक वैदेशिक रोजगारीमा पुगेको नतिजा यसकै कारण हो ।

यसले के देखाउँछ भने नेपालको कृषि उत्पादकत्व जुन गतिमा खस्किरहेको छ यो गति निकट भविष्यमा निकै तीव्र हुनेछ, जुन समय विगतको जस्तै नाकाबन्दी देखियो भने नेपालले अत्यन्तै डरलाग्दो समस्या भोग्नुपर्ने हुन सक्छ । नाकाबन्दी एउटा सन्दर्भ रहन सक्ला तर कुरा नेपालको आर्थिक मेरुदण्डका रूपमा रहेको र हेरिएको कृषिको समस्याको हो ।

त्यसको समाधान भनेको कृषिमा व्यवसायीकरण अर्थात् कृषिमा आधुनिकीकरण गरेर मात्र गर्न सकिन्छ । यद्यपि पछिल्लो समय नेपालमा व्यावसायिक कृषिका केही सुरुवात भएका छन्, तर आजको आवश्यकता भनेको व्यक्तिगत पहल अथवा सुरुवात मात्र होइन । राज्यगत संलग्नता र राष्ट्रिय कृषि बहसले नै यसको भविष्यको मार्गचित्र कोर्न सकिन्छ। यसको अर्थ राज्यले कृषिलाई प्राथमिकता नदिएको भन्नेचाहिं होइन । हामी कहाँ प्रथम पटक बजेट प्रस्तुत भएदेखि नै कृषिलाई उच्च प्राथमिकता दिइँदै आएको भनिएको छ। तथापि कृषि उत्पादकत्व खस्कँदो छ । यस वर्षको बजेटले पनि कृषिलाई प्राथमिकता त दियो तर यो पुरानै शैली अर्थात् यथार्थपरक ढंगले समस्या समाधान गर्ने खालको देखिएन र पर्याप्त पनि थिएन । साँच्चै हामी कृषिमा व्यावसायिक र आत्मनिर्भर बन्न चाहन्छौं भने राज्यले उल्लिखित समस्याहरूलाई सम्बोधन गर्न सक्नुपर्छ।

**उत्पादनको मूल्य-निर्धारण**

सामान्यतया अर्थशास्त्रीय मूल्य निर्धारण सिद्धान्तअनुसार वस्तुको माग, आपूर्ति र ब्याजबाट मूल्य-निर्धारण हुन्छ । तर, व्यावसायिक कृषिमा शास्त्रीयभन्दा व्यावहारिक कुरामा जोड दिनु आवश्यक छ । कृषिमा व्यावसायिकता त्यो बेला हुन्छ, जहाँ कृषकले आफ्नो उत्पादनको उचित मूल्य प्राप्त गर्छ । यसको अर्थ कृषकको लगानी सुरक्षित होस् । तर, हामीकहाँ मूल्य-निर्धारणको अख्तियारी मानौं बिचौलिया व्यापारी भनिएकाहरूबाट प्राप्त हुने गरेको छ। कालिमाटी तरकारी बजारमा तरकारीको थोकमूल्य बिचौलियाको स्वार्थअनुसार तोकिन्छ । त्यसैको परिणामस्वरूप समय समयमा कृषकले सडकमा आफ्नो उत्पादन घोप्ट्याउने गर्छन् । त्यसैले कृषकलाई आफ्नो उत्पादनको लगानी सुरक्षित हुने गरी न्यूनतम मूल्य सरकारी तबरबाटै तोकिनुपर्छ । कृषि उत्पादनको अनिवार्य बिमा गर्नुपर्छ । क्षति भयो भने क्षतिपूर्ति सम्बन्धित कृषकहरूले पाउनुपर्छ ।

**कानुनी जटिलता**

फर्म दर्तालाई आधार मान्ने हो भने मानौं नेपालका व्यावसायिक कृषकहरू उद्योगपति नै हुन् । किन यसो भन्न सकिन्छ भने व्यावसायिक कृषिफार्महरू औद्योगिक व्यवसाय ऐन २०४९ को पहिलो संशोधन २०५४ को दफा ५ र ३ (क) अनुसार घरेलु (कुटरी) साना उद्योग ऐनअन्तर्गत साना तथा घरेलु उद्योग कार्यालयमा दर्ता हुन्छन्, अर्थात् साना तथा घरेलु उद्योगसरह कर तिर्न बाध्य छन् कृषकहरू । लगानीसम्म सुरक्षित नभएको कृषकलाई उद्योगसरह कर तिर्नुपर्ने स्थिति कति उचित होला ? भलै ऐन तर्जुमा गर्दा तर्जुमाकर्ताको मनसाय अहिले जे भइरहेको छ त्यस्तो नहुन सक्छ । त्यसैले कृषकलाई कर छुटको व्यवस्था कानुनी रूपमा नै गरिनुपर्छ ।

**दक्ष जनशक्ति र आधुनिक प्रविधिको अभाव**

कृषिको उत्पादकत्व वृद्धि गर्न अति आवश्यक भनेको आधुनिक प्रविधि र त्यसको उचित प्रयोग गर्ने दक्ष जनशक्ति हो, तर हामीकहाँ आज दुवैको अभाव छ । नेपालबाट दैनिक रूपमा १५ सय युवायुवती वैदेशिक रोजगारीका लागि बिदेसिने गरेका छन् । यो एकातिर छँदैछ, अर्कातर्फ कृषिमा प्रविधिको कुराको उदाहरणका लागि अहिले गोलभैँडामा प्रयोग गरिएको टनेल प्रविधि इजरायलबाट नेपाली प्रशिक्षार्थीहरूले भित्र्याएका हुन् । उनीहरूलाई आधार मान्ने हो भने पनि इजरायलमा यो प्रविधिबाट बाह्रै महिना उत्पादन गतिविधि हुनुका साथै १ बोटबाट कम्तीमा २० देखि २५ केजी उत्पादनसमेत हुन्छ । तर, नेपालमा यस्तो देखिएको छैन । यसको अर्थ यो प्रविधिको उपयोगिता कति उपयोगी र कति अनुपयोगी मूल्यांकन हुनु आजको टड्कारो आवश्यकता भइसकेको छ । यति मात्र होइन, कृषिमा दक्ष जनशक्तिको अभावले पुरानै शैलीमा खेती गर्ने परिपाटीले कृषि उत्पादन सोचे जस्तो हुन सकेको छैन । एकातिर श्रमशक्ति बिदेसिनु, अर्कातिर श्रमिक अभावले नेपालको कृषिक्षेत्र धराशायी हुनु, यी कारणले कृषि गुजारामुखीमै सीमित भएको छ ।

**पुँजीको चरम अभाव**

पछिल्लो समयमा कृषिमा विभिन्न तह र तप्काका मानिसहरू लागिपरेका छन् । नयाँ-नयाँ योजना र सोचहरू पनि आएका छन्, तर ती सबै निजी स्तरबाट आएका हुन् । विशेषतः त्यो पंक्तिमा विदेशबाट फर्किएका सकारात्मक सोच भएका युवाहरू देखिन्छन् । निश्चय पनि सरकारले विभिन्न अनुदान तथा कर्जा कार्यक्रम ल्याएको छ । तर, आजको आवश्यकता भनेको अनुदान दिनुभन्दा साना पुँजीलाई ठूलो बनाउने र ठूलो पुँजी आकर्षण गर्ने खालको हुनुपर्छ । यतिबेलाको प्रमुखकार्य भनेको हाल रहेको लगानीकर्तालाई हतोत्साही हुनबाट रोक्दै नयाँ पुँजी आकर्षण नगर्ने हो । यसो गर्न सकियो भने मात्र नेपालमा कृषिक्षेत्रलाई अगाडि लैजान सकिन्छ ।

तर, नेपालमा यसो हुन सकेन र होला जस्तो पनि छैन । यतिबेला देशमा राजनीतिको असक्षम खेल भइरहेको छ । गणतन्त्रको नाममा देशलाई खोक्रो पार्ने षड्यन्त्र भइरहेको छ । नागरिकका समस्यालाई रद्दीमा फालेर नेताहरू सुविधाभोगी बनिरहेका छन् । विकासका मीठा भाषण दिएर नागरिकलाई झुक्याउने काम गरिरहेका छन् । कृषिमा आधुनिकीकरण गर्न सकिएको छैन । विकसित देशमा कुल नागरिकको ७ प्रतिशतले मात्र कृषि पेसा अँगालेका छन् । उनीहरूले उत्पादन गरेको कृषि उपजले देशमा खपत गरेर निर्यात गर्छन् । तर, नेपालमा कामभन्दा बढी कुरा गर्ने रोग नै भएको छ । यहाँ ७० प्रतिशत नागरिक कृषि पेसामा लागे पनि उत्पादित खाद्यान्नले ६ महिनालाई पनि नपुगेर विदेशबाट आयात गर्नुपर्ने अवस्था छ। कृषि उत्पादन आयातकै लागि नेपालले बर्सेनि डेढ खर्ब बढी रुपैयाँ बाहिर पठाइरहेको छ। कृषिप्रधान मुलुकका लागि योभन्दा दुःखद कुरा अरू के हुन सक्ला ?

यसर्थ हामी कृषिमा साँच्चै नै परिवर्तन होस् भनेर चाहन्छौं भने यसमा पक्कै पनि सुधार आवश्यक छ, जसका लागि एउटा नागरिकले मात्र केही गर्न सक्दैन । सरकारले नै यस्तो कृषि नीति ल्याउने हो भने असम्भव पनि केही छैन । स्थिर भनिएको वर्तमान सरकारले यतातिर पनि ध्यान दिनु जरुरी छ, अन्यथा कृषिमा हामी विगतजस्तै आगामी धेरै वर्षसम्म पनि रैथाने समस्यामै रुमलिइरहने छौं । यो परिवर्तित कृषिका लागि घातक वस्तु पनि हो भन्ने बुझ्न अब ढिला गर्नु हुँदैन ।

### भन्सार छली गर्ने ३ जना पक्राउ

# ५० लाख बढीको सूर्तीजन्य पदार्थ बरामद

काठमाडौं/मस- सुर्तिजन्य तथा पान मसला लगायतका वस्तुहरु अवैध रुपमा भन्सार छली गरी चोरी पैठारीमा संलग्न तीन जनालाई पक्राउ गरी प्रहरीले सार्वजनिक गरेको छ। प्रहरीले भारतबाट भन्सार छली गरी नेपाल भित्र्याई लुकाई छिपाई काठमाडौं लगायत देशका विभिन्न ठाउँमा अवैध कारोबार गर्ने तीन जनालाई पक्राउ गरी सोमबार सार्वजनिक गरेको हो। भान्सार छली गरी ल्याइएको सुर्तीजन्य पदार्थ ५० लाख रुपैयाँ भन्दा धेरैको भएको प्रहरीले जनाएको छ।



नेपाल प्रहरी महानगरीय अपराध महाशाखा टेकुले पत्रकार सम्मेलन गरी उनीहरुलाई सार्वजनिक गरेको हो। प्रहरी उपरीक्षक मुकेश कुमार सिंहले पक्राउ पर्नेमा काठमाडौंको सुन्धारा बस्ने भारत मोतिहारी घर भएका २७ वर्षिय मोहमद आदिल हुसेन, ललितपुरको खुमलटार बस्ने नुवाकोट घर भएका ३० वर्षिय नारायण बोगटी, र काठमाडौंको गौरिघाट बस्ने भारत छपराका ४५ वर्षिय उदय भनिने शरण कुमार सिंह रहेको जानकारी दिए।

उनीहरुलाई प्रहरीले काठमाडौंको सुन्धारा, ललितपुरको धापाखेल तथा काठमाडौंको गौरिघाट स्थित गोदामबाट भन्सार छलेर ल्याइएको सामान सहित पक्राउ गरेको हो। प्रहरी उपरीक्षक सिंहले उनीहरुले सुर्तिजन्य तथा पान मसला, कपडा, मोटर पार्टस लगायतका सामाग्रीहरु भन्सार छलेर चोरी पैठारी गरी भारतबाट ल्याई सिमावर्ती क्षेत्रमा जम्मा गर्ने र काठमाडौं लगायत देशका विभिन्न ठाउँमा विक्री वितरण गर्ने गरेको पाइएको बताए।

उनीहरुलाई कारबाहीको लागि राजश्व अनुसन्धान विभाग हरिहरभवन ललितपुरमा पठाउने तयारी भइरहेको समेत उनले बताए। उनीहरुबाट रजनिगन्ध सिल्भर पेरिस लेखिएको प्याकेट २१५३ थान, रजनिगन्ध तुल्सी प्याकेट ३१६० थान, बबलु गोल्ड भुनी सुपारी लेखिएको सुपारीको प्याकेट ४२ थान, राज निवास पान मसला लेखिएको गुट्खाको पोका १८० थान, केशर युक्त विमल पान मसला लेखिएको प्याकेट ६० थान, गलु दन्त मन्जनको प्याकेट २७५ थान, वि-१ तम्बाकु लेखिएको पोका ९० थान, राजमा शर्मिला लेखिएको मिठा पान मसला ८१९ थान, स्नोपिक नथिना लेखिएको मिठा पान मसलको बट्टा ६०० थान, बाबा १२० लेखिएको जर्दा मान मसलाको बट्टा ४२९ थान बरामद गरिएको प्रहरी उपरीक्षक सिंहले बताउनुभयो।

त्यस्तै उनीहरुबाट चुरोटको बट्टा ६७ थान, कथ्थाको प्याकेट ५५ थान, गुलाब स्प्रे पान मसलाको बोटल ४४ थान, पान हनिको बट्टा ३१० थान, पास पास माउथ फ्रेस पोका २८ थान, मधु स्विट सुपारी प्याकेट ४००० थान, सरैया तमाखु प्याकेट ७१ थान, चैनी खैनी प्याकेट १० थान, नेपाली विडी २४ थान, कोल ट्याब्लेटको पोका थान १०, गुलको डिब्बा थान ८१२ डिब्बा, कालो सुर्नीको प्याकेट ४५५० थान समेत बरामद भएको छ।

# बागमती प्रदेश लोकसेवाले पायो पूर्णता

हेटौंडा/मस- बागमती प्रदेश लोक सेवा आयोगको सदस्यमा सिफारिस भएका दुई जनाले शपथ ग्रहण गरेका छन्। प्रदेश लोक सेवा आयोगमा सिफारिस भएका सदस्य सुदर्शन ढकाल र सर्मिला न्यौपानेले सोमबार प्रदेश प्रमुखको कार्यलयमा शपथग्रहण गरेका हुन्।



बागमती प्रदेश प्रमुख बिष्णुप्रसाद प्रसाई, मुख्यमन्त्री डोरमणी पौडेल तथा सभामुख सानुकुमार श्रेष्ठको उपस्थितिमा सदस्यद्वयलाई बागमती प्रदेश लोकसेवा आयोगका अध्यक्ष सुरेन्द्रमान श्रेष्ठले पद तथा गोपनियताको शपथ गराएका थिए। शपथ ग्रहणसँगै बागमती प्रदेश लोकसेवा आयोगले पूर्णता पाएको छ।

कार्यक्रममा बागमती प्रदेश प्रमुख प्रसाइले संविधानले दिएको अधिकारलाई समुचित प्रयोग गर्दै प्रदेशको समग्र विकासका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने कार्यमा लाग्न आयोगलाई निर्देशन दिए।

प्रदेशका मुख्यमन्त्री पौडेल, सभामुख श्रेष्ठ र प्रमुख प्रतिपक्ष दलका नेता इन्द्रबहादुर बानियाँको सहमतिमा माघ ५ गते दुईजना सदस्य सिफारिस गरिएको हो। सिफारिस भएका प्रदेश लोक सेवा आयोगका सदस्य ढकाल पूर्व सहसचिव हुन् भने न्यौपाने टिचिङ अस्पतालमा अध्यापन गराउँदै आएकी थिइन्। न्यौपाने प्रतिपक्षी दल नेपाली काँग्रेसको कोटामा परेकी हुन्।

प्रदेशसभाबाट गत भदौ १४ गते लोकसेवा आयोग गठन सम्बन्धी विधेयक पारित भएको थियो। मुख्यमन्त्री पौडेल संयोजक रहेको सिफारिस समितिले गत कात्तिक २९ गते अध्यक्षमा सुरेशमान श्रेष्ठलाई सिफारिस गरेको थियो। प्रदेश लोकसेवा आयोगका पदाधिकारीको सेवा अवधि ६ वर्ष तोकिएको छ।

# बिहेवारी, बीस वर्षपारी नारामा सीमित

बाँके/रासस- युवकयुवती र अभिभावकको जनजिब्रोमा 'बिहेवारी, बीस वर्षपारि' भनाइ झुण्डिएको भए पनि व्यावहारिक परिपालनमा चुनौती देखिएको छ। बाँके जिल्लाका केही सचेत युवा र किशोरी बाल क्लबमार्फत जनेतनामूलक कार्यक्रममा लागिपरेका छन्। विशेष गरी मुस्लिम तथा मधेशी समुदायमा बालविवाह रोक्न नसकिएको बाल अधिकारकर्मी साहिल अन्सार बताउँछन्।



जिल्लामा बालविवाह कतिले गरिरहेका छन् भन्ने यकिन तथ्यांक छैन। बालविवाह बढ्दै गएको बालविवाहको क्षेत्रमा काम गर्ने संघसंस्थाको बुझाइ छ। गत आर्थिक वर्षमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र नेपालगञ्जमा बालविवाहका छ ' उजुरी परेको थियो। उजुरीको संख्या कम देखिएको मात्र हो, मुस्लिम र मधेशी समुदायमा बालविवाह त निर्बाध हुने गरेको छ,' अधिकारकर्मी कमला पन्तले भने।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक वीरबहादुर ओलीले दुई परिवारको सहमतिमा हुने बालविवाह कानूनले नियन्त्रण गर्न नसकिने भएकाले अभिभावकमा नै जागरण ल्याउनुपर्ने खाँचो औंल्याए।

बीस वर्षभन्दा कम उमेरमा विवाह गरेमा यसलाई नेपालको कानूनले बालविवाह भन्ने गरेको छ। जिल्लामा बालविवाह बढ्दै गएको छ। बालविवाह रोकथामका लागि सरकारी तथा गैरसरकारी सङ्घसंस्थाले काम गरिरहेका छन्। बालविवाह केही मात्रामा न्यूनीकरण भए तापनि पूर्णरुपमा रोकिन भने सकेको छैन।

नेपालको कानूनले बालविवाह गर्ने र गराउनेलाई तीन वर्ष कैद र रु ३० हजारसम्म जरिवानाको व्यवस्था गरेको छ तर बालविवाह रोकथामका लागि बनाइएका कानून प्रभावकारीरुपमा कार्यान्वयन हुन सकेको छैन। बालविवाहका घटना बढ्दै गएको अवस्था छ। बालविवाह रोकथामका लागि स्थानीय सरकार र संघसंस्थाले सामूहिक पहल गर्नुपर्ने अधिवक्ता विश्वजीत तिवारीको सुझाव छ।

बाँके मधेशी र मुस्लिम समुदायको बाहुल्य भएको जिल्ला हो। विशेष गरेर सो समुदायमा २० वर्ष नपुग्दै विवाह गर्ने प्रचलन छ तर कानूनले २० वर्षपछि विवाह गर्न पाउने व्यवस्था गरेको छ। केही महिनाअघि बाँकेमा छोरीको विवाह १६ वर्षमा नै गर्न पाऔं भनेर मागसमेत उठेको थियो। सो मागलाई समाजका अगुवाले गैरकानूनी भनेर टिप्पणी गरेका छन्।


हार्दिक श्रद्धाञ्जली



जन्म
बि.सं. २००२
मंसिर २ गते

स्व. लक्ष्मणमान श्रेष्ठ

स्वर्गारोहण
वि.स. २०७६
पुस २४ गते

हाम्रा शुभेच्छुक तथा गण्डकी ओभरसिज कन्सर्न प्रा.लि.का सञ्चालक श्री गगन श्रेष्ठका पुजनीय पिता लक्ष्मणमान श्रेष्ठको ७४ बर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिबंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकाकुल परिवार तथा आफन्तजन प्रति हार्दिक समबेदना प्रकट गर्दछौं।

सीतादेवी श्रेष्ठ
प्रकाशक

मदनकुमार श्रेष्ठ
सम्पादक

तथा

मध्यान्ह
Madhyanha Daily
दैनिक

परिवार



हार्दिक श्रद्धाञ्जली



जन्म
बि.सं. २००२
मंसिर २ गते

स्व. लक्ष्मणमान श्रेष्ठ

स्वर्गारोहण
वि.स. २०७६
पुस २४ गते

यस संघको सदस्य संस्था गण्डकी ओभरसिज कन्सर्न प्रा.लि.का सञ्चालक श्री गगन श्रेष्ठका पुजनीय पिता लक्ष्मणमान श्रेष्ठको ७४ बर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिबंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकाकुल परिवार तथा आफन्तजन प्रति हार्दिक समबेदना प्रकट गर्दछौं।

बिष्णु प्रसाद गैरे
अध्यक्ष
तथा

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
परिवार
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८



हार्दिक श्रद्धाञ्जली



जन्म
बि.सं. २००२
मंसिर २ गते

स्व. लक्ष्मणमान श्रेष्ठ

स्वर्गारोहण
वि.स. २०७६
पुस २४ गते

यस प्रा.लि.का सञ्चालक श्री गगन श्रेष्ठका पुजनीय पिता लक्ष्मणमान श्रेष्ठको ७४ बर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिबंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकाकुल परिवार तथा आफन्तजन प्रति हार्दिक समबेदना प्रकट गर्दछौं।

प्रेमराज पौडेल/शोभाकान्त अर्याल/दावा शेर्पा
सञ्चालकहरु
तथा

गण्डकी ओभरसिज कन्सर्न प्रा.लि.
परिवार
आलोकनगर, मिनभवन, काठमाडौं, फोन : ४१०६७११



हार्दिक श्रद्धाञ्जली



जन्म
बि.सं. २००२
मंसिर २ गते

स्व. लक्ष्मणमान श्रेष्ठ

स्वर्गारोहण
वि.स. २०७६
पुस २४ गते

यस समाजको सदस्य संस्था गण्डकी ओभरसिज कन्सर्न प्रा.लि.का सञ्चालक श्री गगन श्रेष्ठका पुजनीय पिता लक्ष्मणमान श्रेष्ठको ७४ बर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिबंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकाकुल परिवार तथा आफन्तजन प्रति हार्दिक समबेदना प्रकट गर्दछौं।

अध्यक्ष
किसन प्रधान
क्राउन ओभरसिज कन्सल्टेन्सी प्रा.लि.

प्रथम उपाध्यक्ष
विजय राज श्रेष्ठ
स्मार्ट एच.आर. सोलुसन प्रा.लि.

द्वितीय उपाध्यक्ष
दिनेश श्रेष्ठ
गोर्खा नेपाल प्लेसमेण्ट सर्भिसेज प्रा.लि.

तृतीय उपाध्यक्ष
प्रविन कुमार श्रेष्ठ
ब्रोडलिङ्क ओभरसिज प्रा.लि.

महासचिव
देबेन्द्र नारायण श्रेष्ठ
पासा ईन्टरनेशनल प्रा.लि.

सचिव
सुमन श्रेष्ठ

कोषाध्यक्ष
प्रविण रत्न बज्राचार्य
इम्पेरियल ओभरसिज प्रा.लि.

सदस्यहरू

दिनेश कुमार डंगोल
हेल्प ओभरसिज प्रा.लि.

गण्डकी ओभरसिज कन्सर्न प्रा.लि.

एलिना जोशी महर्जन
स्किलजोन कन्सल्टेन्सी नेपाल प्रा.लि.

सल्लाहकारहरू

पुष्प लाल महर्जन
पिस ईन्टरनेश्नल प्रा.लि.

तेजेन्द्र नाथ श्रेष्ठ
निड ईम्प्लोईमेण्ट सर्भिसेज प्रा.लि.

सुजित कुमार श्रेष्ठ,
महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
एवं, एलायन्स ह्युमन रिसोर्स प्रा.लि.

मदनकुमार श्रेष्ठ
सम्पादक, मध्यान्ह दैनिक

एवं

नेपाल वैदेशिक रोजगार व्यवसायी नेवाः समाज
परिवार

# सुदूरपश्चिम प्रदेशसभाको हिउँदे अधिवेशन शुरू



**धनगढी/मस-** सुदूरपश्चिम प्रदेशसभाको पाँचौं अधिवेशन(हिँउदे अधिवेशन) सोमबारदेखि शुरु भएको छ । अधिवेशनको पहिलो बैठकको कारवाही प्रारम्भ गर्दै सभामुख अर्जुनबहादुर थापाले प्रदेश प्रमुखको कार्यालयबाट अधिवेशन आह्वान गरिएको सम्बन्धी प्राप्त पत्रको व्यहोरा वाचन गरेका थिए ।

सो अवसरमा सभामुख थापाले प्रदेशसभा सदस्यबाट मर्यादित र अनुशासित भई अधिवेशनका बैठक सञ्चालनमा सक्रिय सहभागिता रहने अपेक्षा व्यक्त गर्दै स्वागत गरेका थिए। बैठकमा दिइएको विशेष समयमा बोल्नुहुँदै सत्तापक्ष नेपाल कम्युनिष्ट पार्टी(नेकपा)संसदीय दलका प्रमुख सचेतक तारा लामा तामाङले प्रदेशको समृद्धिका लागि सत्तापक्ष वा प्रतिपक्ष भनेर हिँड्न नहुने बताउँदै समृद्ध प्रदेश बनाउनमा आगामी दिनमा प्रदेशसभा सदस्यको भूमिका निर्वाह हुने विश्वास व्यक्त गरे ।

विधेयक अधिवेशनका रुपमा लिइने हिउँदे अधिवेशनमा जनतासँग प्रत्यक्ष सरोकार राख्ने विधेयक आउने विश्वास व्यक्त गर्दै उनले भने, 'प्रदेशसभाले यसअघि बनाएका ऐन कानून के कति परिपालना भएको छ भन्ने तर्फ सोच्ने बेला पनि आएको छ ।'

प्रमुख प्रतिपक्षी नेपाली काँग्रेस संसदीय दलका नेता डा रणबहादुर रावलले अधिवेशनको सफलताको शुभकामना व्यक्त गर्दै यसअघिका प्रदेशसभा बैठकमा उठाइएका गम्भीर विषयलाई सरकारले सम्बोधन नगरेको बताए । प्रदेश सरकारले एम्बुलेन्स खरीद गर्दा भ्रष्टाचार गरिएको भन्दै उनले अनियमित कार्यको छानबिन गरी दोषीलाई कारवाही गर्न, बजेट बाँडफाँडमा विगतमा प्रतिपक्षीसँग गरिएको सहमति कार्यान्वयन गर्न, मिचिएको नेपालको भूमि कालापानीलाई फिर्ता ल्याउने विषयमा गम्भीर ढंगले पहल गर्न माग गरे ।

राष्ट्रिय जनता पार्टीकी मालामतिकुमारी राना थारुले जताततै भ्रष्टाचार भइरहेको भन्ने जनगुनासो बढेकाले यस विषयमा गम्भीर हुन, निर्मला पन्तको हत्यारा पत्ता लगाउन नसकेको भन्दै सो घटनाका सन्दर्भमा सबै दलको प्रतिनिधित्व हुनेगरी संसदीय छानबिन टोली बनाउनुपर्ने माग गरिन् । अर्को बैठक मंगलबार (आज) मध्याह्न १२:१५ बजे बस्ने छ । सुदूरपश्चिम प्रदेशसभाको चौंथो अधिवेशन गएको भदौ १ गते समापन गरिएको थियो ।

# सुर्खेतमा चालक अनुमतिपत्र वितरणको शुभारम्भ

**सुर्खेत/मस-** यातायात व्यवस्था कार्यालयले सोमबारबाट सवारी चालक अनुमतिपत्र वितरण कार्य शुभारम्भ गरेको छ। कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले स्वीच अन गरेर स्मार्ट सवारी चालक अनुमतिपत्र शुभारम्भ कार्यक्रमको उद्घाटन गरेका हुन् ।

मुख्यमन्त्री शाहीले चालक अनुमति पत्र व्यक्तिको दक्षताका आधारमा मात्र प्रदान गर्न कर्मचारीलाई निर्देशन दिए । 'यातायात क्षेत्र अति संवेदनशिल जगत हो, उदार भएर सवारी अनुमतिपत्र दिने काम कर्मचारीले नगर्नुस्,' उनले भने, 'यसका लागि कसैले माथिल्लो तहबाट पनि दबाब दिने काम नगरौं ।'

उदार भएर अनुमतिपत्र दिने र दबाब दिने तथा लिनेलाई कारवाही गर्ने उनले चेतावनी दिए । उनले भने, 'कर्णालीमा भौगोलिक जटिलता धेरै भएकाले सानो कमजोरीले पनि ठूलो जनधनको क्षति हुने सम्भावना छ, यसमा सबैले ध्यान दिन जरुरी छ ।' यातायात क्षेत्रको उचित



व्यवस्थापनका लागि कानून निर्माण गरिने मुख्यमन्त्री शाहीले बताए ।

अहिले डोजर पुगेका ठाउँमा गाडी लैजाने काम रोक्ने उल्लेख गर्दै उनले भने, 'यो क्षेत्रमा कसैको जीवनसँग खेलवाड नहुनेगरी सडकको मापदण्ड हेरेर मात्र सवारी सञ्चालन अनुमति दिन्छौं ।' अहिलेसम्म यातायात व्यवस्था कार्यालयमा सबैभन्दा बढी अनियमितता भएको भन्दै उनले यातायात क्षेत्र अख्तियारको निगरानीमा रहेको उल्लेख गरे ।

भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव रामआधार साहले कर्णालीवासीले नेपालगञ्ज जानुपर्ने बाध्यता हटेको बताए । जिल्ला प्रशासन कार्यालय सुर्खेतका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले यातायात व्यवस्थापनका लागि प्रदेश सरकारले ऐन तथा कार्यविधि बनाएर कार्यान्वयनमा लैजान सुझाए ।

यातायात व्यवस्था कार्यालयका निमित्त कार्यालय प्रमुख आनन्द चौलागाईंले एकाई कार्यालयबाट शुरु गरिएको कार्यालय गत असोज ६ गतेदेखि सेवा कार्यालयबाट व्यवस्था कार्यालयमा रुपान्तरण भएको जानकारी दिए । उनका अनुसार गत आवमा रु नौ करोड ७१ लाख राजश्व संकलन गरेको यातायात व्यवस्था कार्यालयले चालु आवको पुससम्म रु छ करोड ४६ लाख राजश्व संकलन गरेको छ ।

# दण्ड जरिवाना सम्बन्धी प्रावधान हटाउने सहमति



**काठमाडौं/मस-** नेपाल मिडिया काउन्सिल विधेयकमा प्रस्ताव गरिएको दण्ड जरिवानासम्बन्धी प्रावधान हटाउने विषयमा सहमति भएको छ। विधेयकमाथि राष्ट्रियसभा, विधायन व्यवस्थापन समितिमा भइरहेको दफावार छलफलका क्रममा समितिमा प्रतिनिधित्व गर्ने सांसदबीच सहमति भएको हो ।

मिडिया काउन्सिल विधेयकका सम्बन्धमा राससको जिज्ञासामा समितिका सभापति परशुराम मेघी गुरुङले भने, 'काउन्सिल नियमनकारी संस्था भएकाले दण्ड जरिवाना होइन, आचारसंहिता उल्लंघन भए नभएको नियमन गर्नेछ, विधेयकमा प्रस्ताव गरिएको दण्ड जरिवानासम्बन्धी प्रावधान हटाइएको छ, अब त्यो प्रावधान रहन्न ।'

आम सञ्चारमाध्यमको अनुगमन र मूल्यांकन तथा सचेत गराउने, प्रमाणपत्र खारेज गर्ने र दर्ता सूचीबाट हटाउनेजस्ता अधिकार काउन्सिललाई हुने बताउँदै सभापति गुरुङले ठूलै किसिमको क्षति भएको खण्डमा अन्य ऐनद्वारा कारवाही प्रक्रिया अघि बढाउन सक्ने गरी व्यवस्था गर्नुपर्छ भन्ने कोणबाट छलफल अघि बढिरहेको छ ।

विधेयकमाथिको दफावार छलफल सम्पन्न गर्ने क्रममा रहेको हुँदा समिति संशोधनकर्ता र सरकारका धारणा समेटेर अन्तिम प्रतिवेदन तयारीमा जुटेको छ। उनले भने, 'केही विषयवस्तुमा संशोधनकर्ता र सरकारको धारणालाई अब समेटेर अन्तिम प्रतिवेदन निर्माणको तयारीमा छौं, सो प्रतिवेदनलाई समितिबाट पारित गरेपछि यस विधेयकमाथिको छलफल सम्पन्न हुनेछ ।' सभापति गुरुङका अनुसार विधेयकमाथिको छलफल र प्रतिवेदन तयार गर्ने कार्य यस साताभित्रै पूरा हुनेछ ।

विधेयकमाथि सांसद्हरुले प्रस्तुत गरेको अधिकांश संशोधनलाई छलफलका माध्यमबाट सहमतिमै टुंग्याइएको छ । सरकारले प्रेस जिम्मेवार र जवाफदेही हुनुपर्छ भने मनसायका साथ विधेयक ल्याएको हुँदा त्यसलाई अन्यथा ढंगबाट नबुझिदिन मन्त्रालयका पदाधिकारीले बैठकमा सदस्यहरुको ध्यानाकर्षण गराएका थिए ।

पत्रकारिता क्षेत्रलाई स्वच्छ, स्वतन्त्र र मर्यादित तुल्याउन सम्पादक र समाचारदाता मात्र होइन, सञ्चार गृहलाई नै जिम्मेवार बनाउने उद्देश्यले विधेयक आएको सूचना प्रविधि एवं सञ्चार मन्त्रालयका सचिव दीपक सुवेदीले बताए ।

विधेयकमा प्रस्ताव गरिएको दण्ड सजायसम्बन्धी व्यवस्था खारेज गरी मिडिया काउन्सिलले सञ्चार माध्यमलाई आचारसंहिता पालना गर्न गराउने भूमिका प्रदान गर्नुपर्छ भन्नेमा समितिमा मतभेद देखिन्न । काउन्सिललाई स्वतन्त्र अंगका रूपमा स्थापित गर्न सर्वोच्च अदालतको न्यायाधीशका लागि योग्यता पुग्ने पदाधिकारीको छनोट र उच्चस्तरीय स्वतन्त्र समिति हुनुपर्छ भन्ने कोणबाट बैठकमा मत प्रकट भएको छ ।

काउन्सिलले वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष प्रस्तुत गर्ने र उक्त प्रतिवेदन संघीय संसद्मा छलफल हुने प्रावधान राख्न पनि समितिमा सहमति भएको छ । सो विधेयकमाथि १०३ वटा संशोधन दर्ता गरिएको छ ।

# सुराकी गरेको आशंकामा साथीको हत्या

**वीरगञ्ज/६ मस-** प्रहरीलाई सुराकी गरेको आशंकामा आफ्नै साथीको हत्या गरेको आरोपमा तीन जना पक्राउ परेका छन् । प्रहरीलाई सुराकी लगाएको भन्दै पर्साको बहुदरमाई नगरपालिका-७ बस्ने २५ वर्षीय सुरेन्द्र सहनीको हत्यामा गरिएको थियो । उनको हत्यामा संलग्न रहेको आरोपमा वीरगञ्ज महानगरपालिका वडा नम्बर ११ श्रीपुरका २२ वर्षीय अजयकुमार साह, रानीघाट बस्ने २० वर्षीय कृष्णकुमार गुप्ता र श्रीपुरकै २० वर्षीय राजन साहलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता विरेन्द्र शाहीले जानकारी दिए।

पुस २० गते वीरगञ्ज-२२ जगरनाथपुरमा धारिलो हतियारले काटेको अवस्थामा बाँसघारीमा सहनीको शव फेला परेको थियो। त्यो भन्दा केही दिन पहिला अजयले भारतबाट म्याजिक टेम्पोमा झण्डै ३ लाखको किराना समान ल्याएका थिए । त्यो सामान सीमा क्षेत्रमा सशस्त्र प्रहरीले समातेको थियो। त्यो समान सुरेन्द्रको सुराकीको आधारमा सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको आशंका उनीहरूको थियो ।

पुस १९ गतेसँगै लागूऔषध गाँजा सेवन गर्न बसेका उनीहरूबीच यही विषयमा विवाद भएको थियो । त्यसपछि उनीहरूले चक्कुले हानेर सहनीको हत्या गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ ।

शरीरको विभिन्न भागमा काटिएको अवस्थामा उनको शव भेटिएको थियो । हत्या भएको आशंका अनुसन्धान गर्दै जाने क्रममा घटनामा संलग्न तीन जनालाई नियन्त्रणमा लिइएको प्रवक्ता शाहीले बताए ।


## Duhabi Municipality
### Office of Municipal Executive
Duhabi, Sunsari

## Invitation for Online Bids

Date Of Publication: 2076/10/07 (2020, 21th Jan)

1. **Duhabi Municipality** invites bids for the construction of various roads & Building for Duhabi Municipality under National competitive bidding.

| S N | Description of Works | Contract Identification No. | Average Annual Turn Over. | Specific Experience | Bid Security (NRs) | Line of Credit | Bid document fee | Bid Capacity |
|---|---|---|---|---|---|---|---|---|
| 1. | ***Construction of blacktop road,Duhabi Municipality, (From ward no-9,Chhatabeli to South ward no-10,Nahar Chowk, Ward No.11, Sukrabare Haat, ward No-7, Pharsahi, to ward no 12 Purba Kushaha(Chaingae :8+060 to 11+200)*** | DM/ NCB/ Road/ 2076/ 077-13 | 53300000 | Asphalt Conrete Work =395.00m3 | 8,88,000 | 14200000 | 5000 | 35500000 |

**Further information**

| | | | | |
|---|---|---|---|---|
| **Office**: Duhabi Municipality Office of the Municipal Executive | Telephone No. :-025-540024 | Email id : www. duhabibhaluwamun @gmail.com | PPMO website: www. bolpatra.gov.np/egp | Official website www.duhabimun.gov.np |
| Bid Purchase & submission : PPMO's e-GP system www.bolpatra.gov.np/egp | **Name of the Bank**: NIC Asia Bank. Duhabi Sunsari | | Name of Office: Duhabi Municipality | Office A/C. No.: **A8CA499378524004** |
| Account Detail For Bid Security | Name of the Bank : **NIC Asia Bank. Duhabi Sunsari** | Name of Office : Duhabi Municipality | Office A/c.: **A8CA499378524003** | |

2. Last Date of Bid Purchase 30 days of bid publication in office time.
3. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 PM, 2076/11/08. Bids received after this deadline will be rejected.
4. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act 2063 and Public Procurement Regulation 2064 and other prevailing rules and regulations of Nepal.



## मलेशयामा वैदेशिक रोजगारको अवसर

कम्पनी: YAMA FURNITURE SDN BHD    शहर: BATU PAHAT, JOHOR

पूर्व स्वीकृत मितिः २०७६/१०/०३    चलानी नं.: ६०१५०१४८    L.T. No.: 231194

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker (Manufacturing die-c | 5 | 0 | स. काममा दक्ष | 1100 | ३०,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ १४ गते (28 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. १०९/०५४/०५५

**Dynamic Sales & Services (P) Ltd.**
Post Box No. 2012, Basundhara, Kathmandu, Nepal
Phone: 00977-1- 4354614,4356831, 4356625, Fax: 00977-7- 4355570
E-mail: info@dssnepal.com, Website: www.dynamicmanpower.com



## मलेसियामा रोजगार | कम्पनी : KIAN LEE S M R FACTORY SDN BHD

शहर : JOHOR

पूर्व स्वीकृत मिति: २०७६/१०/०५    चलानी नं.: ६०१५०२०१    LT. No.: 230738

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 16 | 0 | स. काममा दक्ष | 1200 | ३३,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ १४ गते (28 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम ई. पत्र नं.: ११७१/०७३/०७४

**DITYA INTERNATIONAL PVT. LTD.**
Sinamanga-9, Manpower Bazar, Kathmandu, Tel.: 4492260
Mob.: 9823729649. 9808822566 .9808763291
E-mail : dityainternational1171@gmail.com, Web.: www.dityainternational.com



## SAUDI मा रोजगार | कम्पनी : UNITED MODERN STANDARDS COMPANY LTD

शहर: RIYADH

पुर्व स्वीकृत मितिः २०७६/१०/०६    चलानी नं.: ६०१५०२१५    L.T. No.: 230926

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Petrol Filler | 3 | 0 | स. काममा दक्ष | 1000 | ३०,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १४ गते (28 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**सन हिल्स ओभरसिज सर्भिसेज प्रा. लि.**
छाउनी मार्ग, सितापाईला, काठमाडौं, फोन: ५९०४०५८, ५९०३५४३ Hot lines : 9813737367
Gov.Lic. No. 818/066/067
Email : sunhillsoverseas@gmail.com, info@sunhillsoverseas.com, Web: sunhillsoverseas.com



## मलेसियामा रोजगारको अवसर | कम्पनी : HOYA ELECTRONICS MALAYSIA SDN BHD

शहर: KEDAH

पूर्व स्वीकृत मिति: २०७६/१०/०६    चलानी नं.: ६०१५०२०८    LT. No.: 230838

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing | 6 | 5 | स. काममा दक्ष | 1100 | ३०,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ १४ गते (28 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**रिलायन्स एच. आर. सोलुसन प्रा. लि.**
पो.ब.नं. ११५२४, गोंगबु, काठमाडौं, फोन: ४३८०७६६, फ्याक्स: ४३८७५५५
श्रम इजाजत नं. १३२/०६७/०६८

# हिंकुकेभ वरिपरि अझै सात बेपत्ता, खोजीमा कठिनाइ

**काठमाडौं/मस–** अन्नपूर्ण पदयात्राको क्रममा हिमपहिरोमा बेपत्ता भएका चार कोरियन र तीन नेपाली नागरिकलाई हालसम्म फेला पार्न सकिएको छैन। पदयात्रा क्षेत्रको हिमालयनबाट माथि देउरालीको बीच करिब तीन हजार २०० मिटर उचाइमा अवस्थित हिंकुकेभ वरिपरि गत माघ ३ गते बिहान १० बजेको आएको हिमपहिरोमा परी उनीहरु सम्पर्कविहीन हुन पुगेका थिए। घटनामा केही विदेशी पर्यटक तथा नेपाली उम्किन सफल भएका थिए। नेपाली पथप्रदर्शक सरोज परियार, सहयोगी मीनबहादुर लामा(तामाङ) र छिरिङ भोटे तथा कोरियन नागरिक लि मिन सु, जोङ्गपिल बोङ्ग, किम सोक जा र चोइ जो वोनको अवस्था हालसम्म अज्ञात रहेको जनाइएको छ।

टेकिङ्ग एजेन्सीज् एशोसिएशन) अफ नेपाल(टान) पश्चिमाञ्चल सङ्घ पोखराले आइतबार पत्रकार सम्मेलन आयोजना गरी हराइरहेका पर्यटकको खोजी कार्यमा प्रतिकूल मौसमका कारणले कठिनाइ भएको जनाएको छ।



घटनास्थलमा बाक्लो हिउँ जमेको तथा अहिले पनि हिउँ पर्ने क्रम नरोकिएकाले बेपत्ता भएकाको अवस्था हालसम्म पनि यकिन हुन नसकेको टानका अध्यक्ष हरि भुजेलले जानकारी दिए। घटनास्थल भौ गोलिकरुपमा अत्यन्त विकट रहेको तथा सञ्चार, सडकलगायतका कुनै पनि पूर्वाधार नभएकाले समेत खोजी कार्यमा अप्ठ्यारो भएको बताइन्छ।

शनिबार हिमपहिरोमा परी घाइते भएका एक जना चिनियाँ नागरिक ज्वाङ यिङ र उनका पदयात्रा सहयोगी जगदिश खत्रीलाई उद्धार गरी पोखरास्थित फेवासिटी अस्पतालमा उपचार भइरहेको उनले जानकारी दिए।

पदयात्रामार्गको दोभानभन्दा माथि तथा माछापुच्छ्रे आधार शिविर, देउरालीलगायतका स्थानबाट १३० पर्यटक तथा नेपाली नागरिकलाई स्थानीयवासी, जनप्रतिनिधिलगायतको सहयोगमा हेलिकप्टरबाट उद्धार गरिएकोमा ६४ लाई पोखरा तथा अन्यलाई छोम्रोङसम्म ल्याइएको टानले जनाएको छ। घटनापछि अन्नपूर्ण पदयात्रा मार्गमा अहिले कोही पनि पर्यटक नरहेको बताइन्छ।

टानले घटनालगत्तै सातको उद्धार टोली घटनास्थलतर्फ पठाएको थियो। सो टोलीले त्यहाँको स्थलगत अवलोकन गर्दा पर्यटक हराएको आशंका गरिएको स्थलमा बाक्लो हिउँ जमेका कारणले हिउँ पग्लन कम्तीमा पनि एक महिना समय लाग्ने र खोजीमा कठिनाइ भएको जनाएको छ। घटनास्थल वरपर अहिले पनि हिउँ पर्ने क्रम जारी रहेको बताइन्छ। हराइरहेका आफन्तसमेत घटनास्थलतर्फ गएको टानका निर्वतमान अध्यक्ष एवं उद्धार टोलीका संयोजक दीपकराज अधिकारीले जानकारी दिए। त्यसैगरी कोरियनका आफन्तको टोलीसमेत आइतबार पैदलयात्रामार्फत घटनास्थलतर्फ लागेको छ।

चार चिनियाँ पर्यटक सम्पर्कमा

यसैबीच थ्रोङला पार गर्ने क्रममा मनाङबाट सम्पर्कविहीन भएका चार चिनियाँ पर्यटक आइतबार सम्पर्कमा आएका छन्। ती पर्यटक थ्रोङला पार गरेर मुस्ताङ आइपुगेको पर्यटन प्रहरी कार्यालय पोखराका प्रहरी सहायक निरीक्षक टीकाराम पौडेलले जानकारी दिए।

मनाङको निस्याङ गाउँपालिका–९ मा रहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको चेकपोष्टमा गत पुस २७ गते थ्रोङ्ला पासका लागि अनुमति लिएका उनीहरु सम्पर्कमा नआएपछि प्रहरीले अनुसन्धान शुरु गरेको थियो।

# भूकम्प प्रभावित स्थानीय तहमा सामाजिक परिचालक खटाइने

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Black Smith | 17 | 0 | स. काममा दक्ष | 1100 | ३४,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Brick Mason | 4 | 0 | | 1100 | ३४,१९० | | | | | | | |
| 3. | Building Worker | 9 | 0 | | 900 | २७,९७० | | | | | | | |
| 4. | Carpenter | 11 | 0 | | 1100 | ३४,१९० | | | | | | | |
| 5. | Ceramic Worker | 6 | 0 | | 1100 | ३४,१९० | | | | | | | |
| 6. | Decoration Tech | 2 | 0 | | 1100 | ३४,१९० | | | | | | | |
| 7. | Driver | 5 | 0 | | 2200 | ६८,३७५ | | | | | | | |
| 8. | Electrician General | 2 | 0 | | 1100 | ३४,१९० | | | | | | | |
| 9. | Electric | 5 | 0 | | 1100 | ३४,१९० | | | | | | | |
| 10. | Foreman | 3 | 0 | | 2500 | ७७,७०० | | | | | | | |
| 11. | Gypsum Technician | 14 | 0 | | 1100 | ३४,१९० | | | | | | | |
| 12. | General Supervisior | 1 | 0 | | 3000 | ९३,२४० | | | | | | | |
| 13. | Labourer | 62 | 0 | | 900 | २७,९७० | | | | | | | |
| 14. | Tile Maker | 21 | 0 | | 1100 | ३४,१९० | | | | | | | |

४. कम्पनी: AL QAMRA HOLDING W.L.L. शहर:DOHA

पूर्व स्वीकृत मितिः २०७६/१०/०६ चलानी नं.: ६०१५०२१९ L.T. No.: 231056

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farmer | 31 | 0 | स. काममा दक्ष | 1100 | ३४,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1400 | ४३,५१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १४ गते (28 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ र २ को रु १0,000 अन्यको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Mechi International Overseas Pvt. Ltd.**
Gov. Lic No. 1313/074/075
Sinamangal, Kathmandu, Nepal
Tel: +977- 1- 4487000, Fax: +977- 1- 4116650, Mob.: 9822600100, 9822600500
Email: info@mechioverseas.com.np, Web: www.mechioverseas.com.np

# लिगमा आर्मीलाई तीन अंकको अग्रता



**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ माघ

शहीद स्मारक ए डिभिजन लिग फुटबलको सातौं चरणको खेल सकिँदा विभागीय क्लब त्रिभुवन आर्मीले स्पष्ट तीन अंकको अग्रता लिएको छ । एक खेल कम खेले पनि यसअघि समान १३ अंकका साथ मनाङ र मछिन्द्रलाई उछिन्दै शीर्ष स्थानमा रहेको आर्मीले सातौं चरणको अन्तिम खेलमा च्यासल युथ क्लबलाई ३-० गोल अन्तरले पराजित गर्दै स्पष्ट तीन अंकको अग्रता बनाएको हो । यो अग्रताले आर्मीलाई राहत दिएको छ । शीर्ष स्थानमा रहेको आर्मीको १६ अंक रहेको छ ।

दशरथ रंगशालामा सोमबार भएको खेलमा आर्मीले च्यासललाई दोस्रो हाफमा पूर्णरुपमा दबावमा राख्दै जीत हात पारेको हो । पहिलो हाफमा खासै राम्रो मुभ बनाउन नसक्दा गोलरहित बराबरी भएको थियो । ३९ औं मिनेटमा सन्तोष साउखललाई फल गरेर पाएको फ्रिकिकमा हेमन्त थापामगर गोल गर्नबाट चुकेका थिए । पहिलो हाफ गोलरहित बराबरी भएको खेलको ५८ औं मिनेटमा आर्मीले अग्रता बनायो । उसका लागि भरत खवासले गोल गरे । त्यसपछि ६७ औं मिनेटमा च्यासलका सन्तोष साउखलको प्रहार पोष्ट नजिकैबाट बाहिरीयो ।

त्यसको केहिछिनमा आर्मीका नवयुग श्रेष्ठ वन भर्सेस वनमा गोल गर्नबाट चुके । उनले डिवक्स भित्रबाट गरेको प्रहार च्यासलका गोलकिपर एलन न्यौपानेले जोगाएका थिए । ७३ औं मिनेटमा आर्मीले अन्तर दुई शुन्यमा पुर्‍यायो । सेसेहाङ आङदेम्बेको प्रहार एलनले बचाए पनि रिबाउण्डमा नवयुग श्रेष्ठले गोल गर्न सफल भए ।

८४ औं मिनेटमा आर्मीले तेस्रो गोल गर्‍यो । उसका लागि सन्तोष तामाङले पेनाल्टीमा गोल गरे । च्यासलका छिरीङ गुरुङले नवयुगलाई डिबक्समा लडाएपछि आर्मीले पेनाल्टी पाएको थियो । जसलाई सन्तोषले गोलमा परिणत गरे । खेलको इन्जुरी समयमा आर्मीले अर्को पेनाल्टीको अवसर पाएको थियो । तर यसपटक आर्मीका नगयुग श्रेष्ठको प्रहार पोलमा लागेर फर्किएको थियो ।

त्यसपछि च्यासल खेलमा फर्कन सकेन र जारी लिगमा तेस्रो हार ब्यहोर्‍यो ।

सोमबार नै भएको सङ्कटा क्लबले ब्रिगेड ब्वाइज (बीबीसी) क्लबसँग बराबरी खेल्दै अङ्क बाँडेको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको पहिलो खेलमा सङ्कटा र बीबीसी क्लबबीचको खेल गोलरहित बराबरीमा टुङ्गिएसँगै दुवै टोलीले एक एक अङ्क बाँडेका हुन् ।

खेलको विभिन्न समयमा दुवै टोलीले गोल गर्ने अवसर पाएता पनि त्यसको सदुपयोग गर्न नसक्दा खेल बराबरीमा टुङ्गिन पुग्यो ।

खेलमा बीबीसीका गोलरक्षक विशाल सुनार म्यान अफ द म्याच घोषित भए । जारी लिगमा सात खेल खेलेको सङ्कटाले दुई जित, तीन बराबरी र दुई हारसहित नौ अङ्क जोडेको छ । त्यसैगरी समान सात खेल नै खेलेको ब्रिगेड ब्वाइजले दुई जित, तीन हार र दुई बराबरीसहित आठ अङ्क जोडेको छ ।

## मनाङलाई आयल निगमको प्रायोजन

**काठमाडौं, मस-** नेपाल आयल निगमले सामाजिक उत्तरदायित्वअन्तर्गत मनाङ मर्स्याङ्दी फुटबल क्लबलाई एक वर्षका लागि 'टाइटल' प्रायोजन गरेको छ । सोमबार आयोजित कार्यक्रममा निगमका कार्यकारी निर्देशक सुरेन्द्र पौडेल र क्लबका अध्यक्ष छिमी उर्गेन गुरुङले प्रायोजनसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरे ।

सम्झौतासँगै निगमले मनाङ मर्स्याङ्दीलाई ३५ लाख उपलब्ध गराएको छ । निगमका कार्यकारी निर्देशक पौडेलले क्लबका अध्यक्ष गुरुङलाई प्रायोजन रकममध्ये ५० प्रतिशत रकमको चेक हस्तान्तरण गरेका थिए ।

निगमको स्वर्ण जयन्तीका अवसरमा आयोजित कार्यक्रममा कार्यकारी निर्देशक पौडेलले क्लबलाई मुख्य प्रायोजन गर्ने घोषणा गरेका थिए । निगमले बाँकी रकम एक वर्षभित्र उपलब्ध गराउनेछ । आठ पटकसम्म राष्ट्रिय लिग च्याम्पियन बनेको क्लबका लागि यो हालसम्मकै सर्वाधिक ठूलो प्रायोजन हो ।

सो अवसरमा निगमका कार्यकारी निर्देशक पौडेलले खेलकूद क्षेत्रलाई उत्थान गर्न निगमले थप स्रोतसाधन परिचालन गर्ने बताए । 'यो शुरुआत मात्र हो', उनले भने, 'अब निगमले नेपाली फुटबलमा योगदान गर्नेछ । यो सहयोग मनाङको मात्रै नभएर नेपाली फुटबलका लागि पनि हो ।' उनले यसअघि आर्थिक स्थिति बलियो नहुँदा निगम खेलकूदबाट बाहिर रहेपनि अबका दिनमा खेलकूद क्षेत्रमा सहयोग गर्ने बताए ।

अखिल नेपाल फुटबल सङ्घ (एन्फा)का अध्यक्ष कर्मा छिरिङ शेर्पाले निगमले प्रायोजन गरेसँगै नेपाली फुटबलको विकासमा थप योगदान मिलेको बताए । 'निगमको सहयोगसँगै नेपाली फुटबलले पुनः जीवन पाएको छ ।' क्लबका अध्यक्ष गुरुङले निगमको प्रायोजनसँगै नेपाली फुटबल नयाँ चरणमा प्रवेश गरेको बताए । 'अब क्लब र संस्थालाई उच्च प्राथमिकता दिई खेलाडी प्रस्तुत हुनेछन्', उनले भने । निगम र क्लबबीच भएको सम्झौताले आगामी दिनमा पनि निरन्तरता पाउने उनको विश्वास थियो ।

सो अवसरमा निगमका कार्यकारी निर्देशक पौडेलले निगमको प्रतीक चिह्न अङ्कित जर्सी क्लबका कप्तान कलम श्रेष्ठ र उप कप्तान अञ्जन विष्टलाई हस्तान्तरण गरेका थिए । मनाङ मर्स्याङ्दीले एक वर्षसम्म निगमको लोगो अङ्कित जर्सी प्रयोग गर्नेछ ।

# आरबीबी भलिबलमा पुलिस अन्तिम चारमा



**काठमाडौं, मस-**नेपाल भलिबल संघको आयोजनामा पाँचौ आरबीबी एनभिए राष्ट्रिय क्लब महिला तथा पुरुष भलिबल च्याम्पियनसिप २०२० मा नेपाल पुलिस क्लब महिला तर्फ सोमबार सेमिफाईनलमा प्रवेश गर्न सफल भएको छ । पुलिसले ढोरपाटन स्पोर्टस् क्लबलाई २५-५, २५-१५, २५-८ ले पराजित गर्दै सेमिमा स्थान पक्का गरेको हो ।

होङ्गवान्जी न्यू डायमन्डसंग ३-२ ले पराजित पुलिसले १ अंक जोडेको थियो भने ढोरपाटनलाई पराजित गर्दै थप ३ अंकका साथ कुल ४ अंक बटुल्न सफल भयो । समूह बिजेता र उपबिजेताको टुङ्गो भने होङ्गवान्जी न्यू डायमन्ड र ढोरपाटन स्पोर्टस क्लब बिचको नतिजाबाट हुनेछ ।

महिलाको अर्को खेलमा समूह चरण बाट बाहिरी सकेका भरतपुर मेट्रो खेलकुद परिषद् (बिएमसी) र जावलाखेल भलिबल ट्रेनिङ्ग सेन्टर (जेभिसी) बीचको खेलमा बिएमसी बिजयी भयो । बिएमसीले जेभिसीलाई २५-८, २५-९, २५-१५ ले पराजित गर्‍यो ।

राष्ट्रिय खेलकुद परिषदको कभर्डहलमा भएको च्याम्पियनसिपमा सेनाको त्रिभुवन आर्मी क्लब (टिएसी) ग्रुप ए मा समूह बिजेता बन्दै अन्तिम आठमा पुग्न सफल भएको छ ।

टिएसीले सोमबार नयाँबजार सामाजिक युवा क्लब (एनवाईसी) लाई २५-१५, २५-१७, २५-१७ को सोझो सेटमा पराजित गर्‍यो । टिएसीले दुई खेलबाट ६ अंक जोड्न सफल भयो । टिएसीसंग पराजित भएता पनि एनवाईसी एक जितका साथ समूह उपबिजेताका रुपमा क्वाटरफाइनल प्रवेश गर्न सफल भयो । समूह ए बाट आरजी भलिबल ग्रुप भने दुवै खेलमा पराजित हुँदै समूह चरणबाट बाहिरिएको छ ।

ग्रुप बिको अर्को खेलमा भने बुलबुले रारा क्लब (बिआरसी)ले जावलाखेल भलिबल ट्रेनिङ्ग सेन्टर (जेभिसी)लाई २५-१५, २५-२१, २५-१० ले पराजित गर्दै ३ अंक बटुल्न सफल भयो ।

# एसकेआईएफ टिम च्याम्पियन

**काठमाडौं, मस-**आयोजक नेपाल सोतोकान कराते संघ (एसकेआईएफ) १२ औं कानाजावा कप अन्तर्राष्ट्रिय कराते प्रतियोगितामा टिम च्याम्पियन बनेको छ । एसकेआईएफले ९ स्वर्ण, १० रजत र १५ कांस्य जित्यो । सातदोबाटोस्थित अन्तर ाष्ट्रिय खेलकुद परिसरमा अवस्थित कराते हलमा भएको प्रतियोगिता नेपालकै अन्तर्राष्ट्रिय मार्सल एसोसिएसन (आईएमए) ५ स्वर्ण, ५ रजत र ७ कांस्यसाथ दोश्रो भयो । तेश्रो स्थानको भारतले ३ स्वर्ण, २ रजत र १० कांस्य जित्यो । प्रतियोगिताको पुरुषमा राहुल गुप्ता तथा महिलामा सीमा लामा उत्कृष्ट खेलाडी घोषित भए । दुवै नेपालका हुन् । राहुलले २५ केजी तथा सीमाले ४५ केजी तौलसमूहमा स्वर्ण जितेका थिए ।

विजेतालाई आयोजक एसकेआईएफका अध्यक्ष नरेशप्रसाद श्रेष्ठ, उपाध्यक्ष एवं प्रमुख प्रशिक्षक निवासगोपाल वैद्य, महासचिव दिलेन्द्रगोविन्द वैद्यलगायलते एक कार्यक्रमबीच पुरस्कृत गरे । त्यसअघि प्रतियोगिताको राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव रमेशकुमार सिलवालले उद्घाटन गरेका थिए । प्रतियोगितामा नेपालबाट २०८, भारतबाट ३५ र पाकिस्तानबाट २ गरी २ सय ४५ खेलाडी सहभागी थिए । दुईदिने प्रतियोगितामा ३२ स्वर्णका लागि प्रतिस्पर्धा भएको थियो ।

# मैत्रीपूर्ण प्रतियोगितामा नेपाल ११ विजयी



**पोखरा, मस-** ओमान र अमेरिकासँगको सिरिजका लागि बन्द प्रशिक्षणमा रहेको नेपाली क्रिकेट टिमले मलेसिया ११ विरुद्ध फराकिलो जीत दर्ता गरेको छ । पोखरामा मलेसिया ११ र क्यान प्रेसिडेन्ट ११ का बीचमा मैत्रीपूर्ण प्रतिस्पर्धा भएको थियो ।

जसमा क्यान प्रेसिडेन्ट ११ एक सय ३४ रनले विजयी भयो । नेपालले दिएको २७७ रनको लक्ष्य पछ्याएको मलेसियाको टिम ३७.२ ओभरमा १४२ रनमा समेटिन पुग्यो ।

मेलिसयाका लागि एनियोल हकिम र सयद अजिजले समान २८-२८ रन जोड्दा विरेनदीप सिंहले २४ रनको योगदान गरे । नेपालका लागि करण केसी र कमलसिंह ऐरीले समान तीन तीन विकेट लिँदा कुशल मल्लले २ विकेट लिए । यसैगरी पारस खड्का र अविनाश बोहोराले एक एक विकेट लिए ।

पहिला ब्याटिङ गरेको नेपालका लागि आरिफ शेखको शतकको मद्दतले २७६ रन जोडेको थियो । नेपाली टिम ४७ औं ओभरमा अल आउट भएको थियो । नेपालका लागि शेख १०१ रन बनाएपछि रिटायर्ड हट भएका थिए । १०५ बल फेस गरेका शेखले ५ छक्का र ७ चौका प्रहार गरेका थिए । यसैगरी सन्दीप जोराले ५८ रनको योगदान गर्दा करण केसीले २५ रन बनाए ।

ज्ञानेन्द्र मल्ल १९ तथा पारस खड्का १५ रनमा पेभेलियन फर्किए । कुशल मल्लले १४ रन जोड्दा सुवाश खकुरेल १२ रनमा आउट भएका थिए । मलेसियाका लागि मोहम्मद आरिफ र पवनदीप सिंहले तीन तीन विकेट लिए ।


## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: PURE HOME CLEANING SERVICES LLC शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०७६/०९/२२ चलानी नं.: ६०१४९७५४ LT. No.: 230570

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 5 | 15 | स. काममा दक्ष | 900 | २७,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १४ गते (28 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिजा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार बिभाग बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**आइ.एम.एस. म्यानपावर प्रा. लि.**
I.M.S. Manpower P. Ltd. Govt. Lic. No. 443/060/061
पो.ब.नं. ८९७३, एनपिसि ७१८, सिनामंगल-९, काठमाडौं, नेपाल, फोन: ४४६४७७०, फ्याक्स: ४४६५०४९
Email: info@imsmanpower.com, imsmanpower@yahoo.com, imsmanpower2@gmail.com
Web: www.imsmanpower.com.np



## UAE मा रोजगारको अवसर

कम्पनी: NITIDO CLEANING SERVICES LLC शहर: UAE
पूर्व स्वीकृत मितिः २०७६/१०/०६ चलानी नं.: ६०१५०२१३ L.T. No.: 231318

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Famale) | 0 | 5 | स. काममा दक्ष | 900 | २७,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १४ गते (28 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**JALAJALA RECRUITMENT PVT. LTD.**
Gov. Lic No. 1224/074/075
Samakhushi-29, Kathmandu, Nepal, Tel: 4350257, 4350900, 9849007152, 9801068723
Email: jalajalarecruitment@gmail.com, Web.:www.jalajalarecruitment.com



## जस्तो सीप उस्तै रोजगार

मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर

**अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.**
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्स: ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np
नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ११०/०६३/०६८



वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।

**Pasa INTERNATIONAL PVT. LTD.**
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६



## Free Visa ! Free Ticket !! सहित मलेसियामा रोजगार

कम्पनी: ADMIRAL SECUREGUARD SDN.BHD. शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०७६/१०/०६ चलानी नं.: ६०१५०२११ LT. No.: 231012

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1100 | ३०,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा माघ १४ गते (28 Dec. 2019) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
LUCKY H.R. Solution Pvt. Ltd. श्रम इजाजत नं. ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, नेपाल, फोन: ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Mob.: 9801182626, 9801182638, 9801182627, 9803611777
Email- info@merocvs.com / info@luckyhrsolution.com



## साइप्रसमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ARISTOKLEOUS ARISTOS IMMIGRATION CONSULTANTS LTD शहर: CYPRUS
पूर्व स्वीकृत मितिः २०७६/०९/२५ चलानी नं.: ६०१४९९१० LT. No.: 230890

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 15 | 0 | सम्बन्धित | 900 | ११३,६३५ | क.नि. | ८ | ६ | क.नि. | छ | | २ |
| 2. | Domestic Worker | 0 | 5 | काममा दक्ष | 314 | ३९,६४५ | अनुसार | घण्टा | दिन | अनुसार | | | वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १४ गते (28 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ३५,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**OM SHREE MAHASHAKTI Employment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं. २००/०५७/०५८
Samakhushi , Kathmandu, Nepal, Tel.: 01-4357662,
Ph.: 9849489057, 9851180720, 9849112323



## UAE मा रोजगार

कम्पनी: BITECH MIDDLE EAST ON DEMAND LABORS SUPPLY EST. शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०७६/०९/१८ पून स्वीकृत मितिः २०७६/१०/०६ चलानी नं.: ६०१४९४९० पून चलानी नं.: ६६८ L.T. No.: 230464

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 47 | स. काममा दक्ष | 900 | २७,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ १४ गते (28 Jan. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वेदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**RADIANT OVERSEAS P. LTD.**
Gaushala-9, Pingalasthan, Kathmandu, Nepal, Tel.: 977- 1- 4111270
Email: Radiant_overseas@yahoo.com
Govt Lic. No. 1016/068/069

म.क्षे.हु.नि.द.नं. ३३/०७४/०७५



## अर्थमन्त्रीसँग बैंकर्स संघका पदाधिकारीको भेट

# कर-चुक्ता अनिवार्य नगर्न आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ माघ

वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरुले कर्जा लिन आउनेहरुले कर चुक्ता प्रमाणपत्र अनिवार्य पेश गर्नु व्यवस्था संशोधन गर्न माग गरेका छन् । सोमबार अर्थमन्त्री डा. युवराज खतिवडा भेट्न अर्थमन्त्रालय पुगेका नेपाल बैंकर्स संघका पदाधिकारीहरुले सानो परिमाणको कर्जा लिन आउनेहरुका लागि कर चुक्ता प्रमाणपत्र अनिवार्य पेश गर्नु व्यवस्था नगर्न आग्रह गरेका हुन् ।

कुनै सीमा तोकेर त्यो भन्दा माथि ऋण लिनेलेमात्रै करचुक्ताको प्रमाणपत्र पेश गर्न गर्न अर्थमन्त्रीलाई आग्रह गरिएको संघका अध्यक्ष भुवन दाहालले बताए । केहिदिन अघि एकिकृत निर्देशन जारी गर्दै ऋण लिन आउनेसँग कर चुक्ताको प्रमाणपत्र अनिवार्य लिन राष्ट्र बैंकले भनेको थियो । यो व्यवस्थाले सानो परिमाणमा कर्जा लिनेहरुलाई सास्ती हुने भन्दै यस्तो आग्रह गरिएको अध्यक्ष दाहालको



भनाई छ ।

भेटमा अर्थमन्त्री खतिवडाले मुलुकमा तयार हुदैं आएको अनुकुल व्यवसायिक वातावरण निर्माण गर्ने वैंक तथा वित्तीय संस्थाहरुले निर्वाह गरेको भूमिका प्रभावकारी हुनुपर्ने बताए । मन्त्री खतिवडाले वित्तीय प्रणालीका महत्वपूर्ण पक्षका रुपमा रहेको बैंक तथा वित्तीय संस्थाहरुको सञ्चालन नियमन तथा राष्ट्र बैंकले समय समयमा ती संस्थाहरुलाई दिइएका निर्देशनको कार्यान्वयनमा भएका प्रगतिका बारेमा समेत जानकारी लिएका थिए । लगातार हासिल गरेको उच्च आर्थिक बृद्धिको सन्दर्भमा निजी क्षेत्रबाट हुने लगानीलाई प्रोत्साहित गर्न सरकारले कार्यान्वयनमा ल्याएका प्रभावकारी नीतिगत पक्षहरुको बारेमा जानकारी गराइएको विषयमा बैठकमा सहभागी पदाधिकारीले आ-आफ्नो प्रतिवद्धता समेत व्यक्त गरेका हुन्।

छलफलमा अर्थ मन्त्री खतिवडाले बैंकलाई नाफामुखी मात्र नभई व्यवसायमैत्री बन्न सुझाव दिदैं मुलुकमा हाल सम्भावनायुक्त लगानी क्षेत्रको रुपमा विकसित भएको पूर्वाधारमा लगानी विस्तार गर्न, व्याजदर निर्धारणको सम्बोधन गर्न वैंकले लिने सेवा शुल्कको समिक्षा गर्न समेत निर्देशन दिए ।

छलफलमा अर्थमन्त्री खतिवडाले ने एशोशियसनका पदाधिकारीलाई सहुलियतपूर्ण कर्जा कार्यान्वयनमा नतिजा आउने गरि काम गर्न भने । उनले वाणिज्य बैंकहरुबाट हेजिङ सुविधा उपलब्ध गराउने वातावरण निर्माण गर्न, विदेशी विनिमयको व्यवस्थापनलाई थप प्रभावशाली बनाउन एवम् नेपाल राष्ट्र बैकको नियमनकारी भूमिकालाई प्रभावकारी र समयसापेक्ष बनाउन् पर्ने बताए । खतिवडाले सबै क्षेत्र मिलेर मुलुकमा केही परिवर्तन ल्याउनेगरी काम गर्न अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक र बैंकस् एशोशियसनका पदाधकारीलाई निर्देशन दिए ।

सरकारले अघि सारेका नीति नियम तथा योजनाहरुलाई कार्यान्वयनको चरणमा देखा परेको समस्या र तीनको समाधानको लागि सदैव तयार रहेको भन्दै उनले सम्बन्धीत निकायलाई कामको प्रगति र समस्याको बारेमा जानकारी गराउन समेत आग्रह गरे ।

# शेयर बजारमा 'ब्रेक'



**काठमाडौं/मस-** केहिदिन यता लगातार बढेको शेयर बजारमा सोमबार ब्रैक लागेको छ। बजारमा शेयर कारोवार मापक नेप्से परिसूचक सोमबार भने झण्डै साढे २६ अङ्कले ओरालो लागेर ब्रैक लागेको हो। लगातार उकालो लाग्दै आएको बजार थामिएर सोमबार ओरालो लागेको हो । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक सोमबार २६.५४ विन्दुले घटेर एक हजार ३१७.११ मा पुगेको छ ।

यस्तै सेन्सेटिभ परिसूचक ४.८६ ले घटेर २८३.५३ मा पुगेको छ। नेप्से ओरालो लागे पनि कारोवार रकम झण्डै रु दुई अर्ब बराबर छ । कूल १८२ कम्पनीको ५८ लाख ४६ हजार २३८ कित्ता शेयर रु एक अर्ब ९७ करोड तीन लाख ८७ हजार ९९३ मूल्यमा खरिद-बिक्री भए ।

नेप्सेका अनुसार कारोवार भएका सबै उपसमूहको शेयर ओरालो लागेको छ। बैंकिङ १५.८८, व्यापार ५४.५९, होटल ६४.०९, विकास बैंक ५२.८७, जलविद्युत् ४२.२२, वित्त २२.३३, निर्जीवन बीमा ११६.३१, उत्पादन ७१.९१, अन्य १३.५३, लघुवित्त ५७.८८, जीवन बीमा १५४.६५ र सामूहिक लगानी कोष ०.१८ ले घटेको छ ।

नेप्सेका अनुसार कारोवारका आधारमा हिमालयन डिस्टिलरी शीर्ष स्थानमा छ । सो कम्पनीको रु २० करोड ९२ लाख ९५ हजार ९३६ मूल्य बराबरको शेयर कारोवार भई शीर्षस्थानमा रह्यो । एनसिसी बैंक रु १३ करोड ३२ लाख १६ हजार ८१७, नेपाल लाइफ इन्सुरेन्स कम्पनी रु नौ करोड ३० लाख दुई हजार ११७, प्रभु बैंक रु ६ करोड ७१ लाख ३८ हजार ३५२, एनआइसी एशिया बैंक रु पाँच करोड ९८ लाख ४८ हजार ९०२, शिवम् सिमेन्ट रु पाँच करोड ८० लाख ३० हजार ९५५ र सूर्य लाइफ इन्सुरेन्स कम्पनी रु पाँच करोड ४४ लाख ९५ हजार बराबरको कारोवार भई शीर्षस्थानमा रहे ।

मल्टीप्रपोज फाइनान्स कम्पनी ९.७७, ग्लाबेल आइएमई बैंक ९.७२, सूर्य लाइफ इन्सुरेन्स कम्पनी २.६१, प्रुडेन्सियल इन्सुरेन्स कम्पनी २.५४, सिनर्जी पावर १.९२ र मञ्जु फाइनान्स कम्पनीका शेयरधनीले १.८६ प्रतिशतले कमाए । पाँचथर पावर कम्पनी १०, पोखरा फाइनान्स ९.८२, हिमालयन पावर पार्टनर ९.४१, विशाल बजार कम्पनी ९.२२, पञ्चकन्या माई हाइड्रोपावर ८.६५ र हिमालयन ऊर्जा विकास कम्पनीका शेयरधनीले ८.३३ प्रतिशतले गुमाए ।

# सफा बहुउद्देश्यीयको साधारणसभा



**काठमाडौं/मस-** काठमाडौं उपत्यकामा धुलोधुवाले आम-मानिसलाई सास फेर्न गाह्रो परिरहेको बेला विद्युतीय सफा टेम्पोमा ऋण लगानी गर्ने एकमात्र संस्था सफा बहुद्देश्यशीय सहकारी संस्था लिमिटेडको १८ औं बार्षक साधारण सभा सम्पन्न भएको छ ।

हालै संस्थाका अध्यक्ष हृदय नारायण मानन्धरको अध्यक्षतामा सम्पन्न साधारण सभाले प्रगति प्रतिवेदन तथा आ.व. २०७६/७७ प्रस्तावित कार्यक्रम पारित गरेको छ । राष्ट्रिय सहकारी विभागका उपरजिष्ट्रार शशि लम्सालको प्रमुख आतिथ्यतामा सम्पन्न साधारणसभामा राष्ट्रिय सहकारी महासंघका वरिष्ठ अनुगमन अधिकृत सुनिता यादव र ललितपुर महानगरका वडा नं. २० का वडा सचिव महेश तिवारी लगायत विशेष अतिथिको रुपमा उपस्थित थिए ।

# परिसंघको महानिर्देशकमा तिवारी

**काठमाडौं/मस-** बैंक तथा वित्तीय संस्था परिसंघ, नेपालको महानिर्देशकमा गोपाल प्रसाद तिवारी नियुक्त भएका थिए । मुलुकका वाणिज्य बैंकहरु, विकास बैंकहरु र वित्तीय संस्थाहरुको छाता संगठन - बैंक तथा वित्तीय संस्था परिसंघ, नेपालको भर्खरै सम्पन्न कार्यसमितिको बैठकले तिवारीलाई ४ वर्षका लागि महानिर्देशकमा नियुक्त गरेको हो ।

नेपालस्थित अन्तर्राष्ट्रिय वित्त निगम तथा विश्व बैंक जस्ता संस्थाहरुमा काम गरिसक्नुभएका तिवारीसँग विभिन्न वैदेशिक दातृ निकायहरु, सार्वजनिक एवं निजी क्षेत्र र सञ्चार क्षेत्रको लामो अनुभव छ । काभ्रेपलाञ्चोक जिल्लाको मण्डनदेउपुर नगरपालिका वडा नं. १० चौरमा जन्मकेका तिवारी केही समय अघिसम्म नेपाल सरकार, दातृ निकाय तथा निजी क्षेत्रद्वारा प्रवर्द्धित एवम् सार्वजनिक-निजी संवाद प्रतिष्ठानको रुपमा रहेको नेपाल व्यवसाय मञ्चमा वरिष्ठ परामर्शदाता थिए । उनले पछिल्लोपटक नेपाल उद्योग वाणिज्य महासंघको निमित्त महानिर्देशक भई कार्यभार सम्हालेका थिए ।

अर्थतन्त्रसँग प्रत्यक्ष जोडिएका प्रतिष्ठित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरुसँग आवद्ध तिवारी निजी क्षेत्र, आर्थिक तथा वित्तीय



क्षेत्रका व्यावसायिक विषयवस्तुका साथै समग्र अर्थतन्त्रका जानकार मानिनुहुन्छ । अर्थशास्त्रमा स्नातकोत्तर तिवारीले नेपालमा लगानीको वातावरण सुधारसम्बन्धी विषयमा विद्यावारिधि पूरा गरेका छन् । उहाँ सन् २०१६ मा नर्वेबाट सोसिएल अन्ट्रप्रिनरशिप एन्ड इन्नोभेसन म्यानेजमेन्टमा ग्र्याजुएट र सन् २०१४ देखि बिजीनेस स्कुल अफ नेदरल्यान्डस्मा म्यानेजमेन्ट स्कलरका साथै नर्वेस्थित वैज्ञानिक अनुसन्धान संस्थामा इन्डिपेन्डेन्ट साइन्टिफिक रिसर्चरका रुपमा आवद्ध छन् ।महानिर्देशक तिवारीले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थामार्फत वित्तीय तथा विभिन्न क्षेत्रमा खोज अनुसन्धान पनि गरेका छन् भने उनका अनुसन्धानात्मक लेखहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलहरुमा प्रकाशित भएका छन् । तिवारी नेपालको एक मात्र अर्थशास्त्रीहरुको संस्था नेपाल आर्थिक संघको भर्खरै सम्पन्न २९ औं वार्षिक साधारण सभाबाट महासचिवमा निर्विरोध निर्वाचित भएका थिए । नेपालको प्रतिनिधित्व गरी आर्थिक तथा व्यावसायिक विषयमा विभिन्न अन्तर्राष्ट्रिय सेमिनार र वैठकहरुमा सहभागिता जनाएका नवनियुक्त महानिर्देशक तिवारीको अनुभव नेपालको आर्थिक, व्यावसायिक तथा वित्तीय क्षेत्रका लागि प्रभावकारी बन्ने विश्वास बैंक तथा वित्तीय संस्था परिसंघ, नेपालले लिएको छ।

देशभित्र संचालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरुको बीचमा आपसी सम्पर्क तथा समन्वय कायम गरी स्वस्थ्य प्रतिस्पर्धाको माध्यममार्फत गुणस्तरीय एवं भरपर्दो बैकिङ्ग सेवालाई दुरदराजसम्म विकास तथा विस्तार गर्ने, नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंकलगायतका निकायहरुसँगको सहकार्यमा विद्यमान आर्थिक नीतिगत सुधारका लागि पृष्ठपोषण तथा पैरवी गर्ने, मुलुकको समग्र बैंकिङ्ग सेवामा सर्वसाधारणको पहुँच एवं विश्वसनियता बढाउने र निक्षेपकर्ता तथा लगानीकर्ताहरुको सम्बर्द्धन गरी समग्र राष्ट्रले लिएको आर्थिक समृद्धिको आकांक्षा पुरा गर्ने जस्ता उद्देश्यहरु बैंक तथा वित्तीय संस्था परिसंघ, नेपालले लिएको छ।

# महालक्ष्मी लाईफको नयाँ योजना

Mahalaxmi Life

**काठमाडौं/मस-** महालक्ष्मी लाईफ इन्स्योरेन्स लिमिटेडले आफ्नो वार्षिकोत्सवको पूर्व सन्ध्यामा 'सामुहिक म्यादी जीवन बिमा' सार्वजनिक गरेको छ ।

एउटै बिमालेखबाट संगठित संस्थाको कर्मचारी, ऋणी, लगानी कर्ता, निक्षेपकर्ता वा सदस्यहरुको म्यादी बिमा गर्न सकिने समेत विशेषता रहेको यस बिमा योजनामा समूहका सदस्यहरु बिमा अवधि भित्र थप घट गर्न सकिने सुविधा रहेको छ ।

साथै यस बीमालेखमा ऐच्छिक सुविधा अन्तर्गत कुनै कारणवस समूहका सदस्यको 'बिमित' दुर्घटनाबाट मृत्यु भएमा थप बिमाङ्क बराबर रकम प्रदान गरिने, बिमा अवधि भित्र बिमितको मृत्यु भएमा क्रिया खर्च बराबर बिमाङ्कको १५ प्रतिशत वा ५० हजार जुन कम हुन्छ सो रकम थप प्रदान गरिनुका साथै बिमा अवधि भित्र समूहका सदस्य (बिमित)को दुर्घटनाबाट अङ्गभङ्ग भए अङ्गभङ्ग वापतको बिमाङ्कको अनुपातिक रकम क्षतिपूर्ती प्रदान गरिने र पूर्ण अपाङ्ग र अशक्त भएमा बिमाङ्क बराबर रकम प्रदान गरिने सुविधा रहेको छ।

एकदमै न्यून बीमाशुल्कमा बिमा गर्न सकिने यस बिमा योजनाले संगठित संस्था, प्रतिष्ठान, संघ, संगठनमा सम्बद्ध व्यक्तिहरुको जीवनमा आइपर्ने मृत्यु तथा अङ्गभङ्ग बाट पर्न सक्ने वित्तीय जोखिमलाई न्यूनिकरण गर्ने विश्वास लिईएको छ ।

## एनएमबि बैंकको शाखा स्थानान्तरण

**काठमाडौं/मस-** एनएमबि बैंकले चौराहा स्थित धनगढी शाखाको स्थानान्तरण तथा प्रदेश ७ को प्रदेश कार्यालय सञ्चालनमा ल्याएको छ । उक्त कार्यालयको समुदघाटन एनएमबि बैंकका सञ्चालकद्धय राजेन्द्र काफ्ले तथा प्रदिपराज पाण्डेले गरेका थिए ।

सुदुर पश्चिममा अवस्थित उक्त प्रदेशका शाखाहरुमा सहजता प्रदान गर्न र विकासका अवसरहरुको सिर्जना गरी सबै क्षेत्र र वर्ग सम्म बैकिङ्ग सेवाको पहुँच पुर्याउने उद्देश्यले उक्त प्रदेश कार्यालयको स्थापना गरिएको प्रमुख कार्यकारी अधिकृत सुनिल केसीले बताए ।

एनएमबि बैंकका हाल देश भरि १६३ शाखा, १३१ एटीएम, ५ एक्सटेन्सन काउन्टर मार्फत उच्चस्तरीय सेवा प्रदान गर्दै आइरहेका छ । बैंकले फाइनान्सियल टाइम्स लन्डनबाट सन् २०१७ र २०१८ मा लगातार दुई वर्षसम्म 'बैंक अफ द इयर' सम्मान पाएको थियो ।

# प्रसारण लाइन निर्माणको अवरोध हटाउन पहल

**काठमाडौं/मस-** मर्स्याङ्दी करिडोरमा निर्माण भएका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रणालीमा जोड्न महत्वपूर्ण मानिएको मर्स्याङ्दी करिडोर २२० केभी डबल सर्किट प्रसारण लाइन निर्माणमा देखिएको अवरोध हटाउन पहल शुरु गरिएको छ ।

आयोजनाको उदिपुर (लमजुङ)-मार्कीचोक (तनहुँ) खण्डअन्तर्गत गोरखाको पालुङटार नगरपालिका-४ र ५ का स्थानीयवासीले मार्ग परिवर्तनको माग गर्दै एक वर्षअघिदेखि प्रसारण लाइन निर्माणमा अवरोध गर्दै आएका थिए ।

नेपाल विद्युत् प्राधिकरणले शुरुमा मर्स्याङ्दी नदीको किनारै किनार प्रसारण लाइन निर्माणको डिजाइन तयार गरेको थियो । नागरिक उड्डयन प्राधिकरणले त्यहाँ लाइन निर्माण गरिएमा पालुङटार विमानस्थलमा विमान उडान र अवतरण गर्न नसकिने उल्लेख गरेपछि मार्गप्रशस्त गर्न माग गरिएको थियो ।

प्राधिकरणले विमानस्थल एवम् प्रस्तावित स्मार्ट पालुङटार सिटीलाई असर नपर्ने र सामाजिक तथा वातावरणीय क्षति कम हुने गरी बस्ती र जङ्गलको बीचबाट प्रसारण लाइनको नयाँ मार्ग तय गरेको छ ।

लमजुङको गरमबैंसीबाट पालुङटार नगरपालिका-४ र ५ हुँदै मार्कीचोकतर्फ जाने ३७ किलोमिटर लाइनको गरमबैंसी- पालुङटार ५.६ किलोमिटर खण्डमा १६ वटा टावर निर्माण गर्नुपर्नेछ तर पालुङटारका स्थानीय बासिन्दाले प्रसारण लाइन बस्तीबाट लैजान खोजिएको भन्दै प्रसारण मार्गमा असहमति जनाउँदै आएका छन् । उदिपुर-मार्कीचोक खण्डमा लमजुङतर्फ भने समस्या छैन । लमजुङमा पर्ने टावर निर्माण थालिएको छ ।

'गेम चेन्जर आयोजना'का रूपमा निर्माण शुरु गरिएको आयोजनामा अवरोध उत्पन्न भएपछि ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनको पहलमा गोरखाबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने सांसद चुडामणि खड्काको संयोजकत्वमा समन्वय समिति बनाइएको छ । समितिमा त्यस क्षेत्रका प्रदेशसभाका सांसद, नगरपालिकाका प्रमुख-उपप्रमुख, शहरी विकास मन्त्रालयलगायत प्रतिनिधि छन् ।

गोरखा क्षेत्र नं २ बाट प्रतिनिधिसभाका सांसद डा बाबुराम भट्टराई, विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, प्रदेशसभा सदस्य, नगरपालिका प्रमुख तथा उपप्रमुख, शहरी विकास मन्त्रालय र नागरिक उड्डयन प्राधिकरणका प्रतिनिधिले आयोजनाका प्रस्तावित मार्गबारे पालुङटारमा स्थानीयवासीसँग अन्तरक्रिया गरेका छन् ।

पालुङटार विमानस्थल सञ्चालनमा कुनै व्यवधान नहुने र स्थानीयवासीलाई कम क्षति पुग्ने गरी प्रसारण लाइन निर्माण गरिनुपर्ने भट्टराईको भनाइ थियो । "प्राविधिक दृष्टिकोणमा सम्भव भएमा रुटको अरू विकल्पबारे अध्ययन गरौं, सम्भव नहुने देखिएमा प्रस्ताव गरिएको मार्गबाट पुग्ने क्षतिलाई कम गर्नेतर्फ सोचौं", उनले भने ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले राजनीतिक फाइदा तथा बेफाइदाभन्दा सामाजिक र वातावरणीय क्षति कम हुने गरी प्राविधिक अध्ययनसहित मार्ग तय गरिएकाले निर्माणमा सहयोग गरिदिन स्थानीयवासीलाई आग्रह गरे ।

"विमानस्थल नचाहिने हो भने मर्स्याङ्दी नदीको किनारै किनार लैजाँदा धेरै सजिलो र टावर कम बनाउनुपर्छ, त्यहाँबाट लैजाँदा विमानस्थल या प्रसारण लाइनमध्ये एक छोड्नुपर्ने देखिएपछि दुवै सञ्चालन हुन सक्ने विभिन्न विकल्पमाथि छलफल गरी अहिलेको मार्ग नै उत्कृष्ट प्राविधिक विकल्पका रूपमा तय गरिएको हो", उनले भने ।

यस लाइनको निर्माण गर्न सकिएन भने मर्स्याङ्दी नदी बेसिनमा निर्माणाधीन जलविद्युत् आयोजनाको विद्यत् प्रवाह गर्न समस्या हुँदा ठूलो रकम हर्जना तिर्नुपर्ने भएकाले प्रसारण लाइन निर्माणमा सहयोग गर्न उनले आग्रह गरे । उनले स्मार्ट सिटीका रूपमा विकास गर्न लागिएको पालुङटारमा विद्युत् आपूर्ति भरपर्दो र गुणस्तरीय बनाउन ठूलो क्षमताको सबस्टेशन बनाइदिन प्राधिकरण तयार रहेको बताए । शहरी विकास मन्त्रालयका सहसचिव सरीता मास्केले स्मार्ट सिटीलाई धेरै विद्युत्को आवश्यक पर्ने भएकाले लाइनलाई अवसरका रूपमा प्रयोग गर्न आग्रह गरे ।

नागरिक उड्डयन प्राधिकरणका उपप्रबन्धक कृष्णप्रसाद पौडेलले पालुङटार विमानस्थललाई सञ्चालनमा ल्याउन चालु आवभित्रै स्तरोन्नति गर्न लागिएको जानकारी दिँदै मर्स्याङ्दी नदीको किनारै किनार प्रसारण लाइन निर्माण गरिएमा विमानस्थल चलाउन नसकिने प्रस्ट पारे ।

पालुङटार नगरपालिकाका प्रमुख दीपकबाबु कँडेल र उपप्रमुख पम्फा बसेलले विकास नरोकिने र जनतालाई कम क्षति पुग्ने गरी प्रसारण लाइन निर्माण गरिनुपर्ने बताए । प्रसारण लाइन एक वर्षमा स क्ने लक्ष्य छ ।

मर्स्याङ्दी नदी बेसिनमा निर्माणाधीन र निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् प्रवाहका लागि ११३ किलोमिटर लामो २२० केभी डबल सर्किट मर्स्याङ्दी करिडोर प्रसारण लाइन निर्माण गर्न लागिएको हो ।

मनाङको धारापानीबाट शुरु हुने प्रसारण लाइन चितवनको भरतपुर स्थित न्यू भरतपुर सबस्टेशनमा सकिनेछ । आयोजनाले धारापानी, खुदी, उदिपुर र न्यू भरतपुर २२०/१३२/३३ केभी सबस्टेशनको निर्माण गर्नेछ । युरोपेली लगानी बैंकको नौ करोड अमेरिकी डलर सहुलितपूर्ण ऋणमा आयोजनाको निर्माण भइरहेको हो ।

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुविधाहरु
• कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
• टोनर कार्टेज रिफिल,
• CCTV, EPABX बिक्रि तथा मर्मत,
• अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
• कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरुलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
ग्यालक्सि डिलक्स : लालबन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**